11-052
36-012

त्रैमासिक बुलेटिन

# भूमि अधिकार

बर्ष ३, पूर्णाङ्क १२ भदौ २०६३





■ हाम्रो आवाज

## भूमिसुधारः ढिला नगरौं

नेपालका गरिबमध्ये ९० प्रतिशत जनता कृषिमा आश्रित छन्। ग्रामीण घरपरिवारमध्ये २९ प्रतिशतको आफ्नो जमिन छैन। नेपालका ५ प्रतिशत धनी व्यक्तिको हातमा ३७ प्रतिशत जग्गा छ। १० लाख ३७ हजार घरपरिवार भूमिहीन छन्। मुलुकमा कुल खेतीयोग्य जमिनको एक चौथाई भाग बाँझो छ।

वर्तमान भूमि व्यवस्थामा रुपान्तरणका लागि गयल जमिन्दारीको अन्त्य गरिनुपर्छ। जमिन बाँझो राख्न नपाइने व्यवस्थालाई कडाईका साथ लागू गरी नीजि तथा सरकारी बाँझो रहेको जमिनलाई सामूहिक खेतीका लागि गरिबहरुको पहुँच कायम गरिनुपर्दछ। त्यसैगरी अब जसको जोत उसको पोतलाई नयाँ र व्यापक अर्थमा बुझि जोतको आकार न्यायिक बनाईनुपर्दछ। कृषिमा आश्रित सबभन्दा गरिब र कृषि श्रमिकहरुको जमिनमा हक सुनिश्चित गर्नुपर्दछ। जमिनमा आधारित विभिन्न प्रथाहरु कमैया, हलिया, उखडा, कमलरी, बुक्रही आदिको जरैदेखि अन्त्य र उनीहरुले भोग गरिरहेको जग्गा निशर्त दर्ता गरिनुपर्दछ। गैर कृषि क्षेत्रको विकास पनि नगर्ने र जमिनको पूनर्वितरण र उपभोग पनि गराउन नसक्ने अवस्थाको अन्त्य हुनुपर्दछ। यी सबै कामहरु जनताबाट चुनिएका जनप्रतिनिधीहरुको नेतृत्वमा हुनुपर्छ र भूमि व्यवस्थापन र प्रशासनलाई तल्लोतहसम्म विकेन्द्रित गरिनुपर्दछ।

भूमि लगायतका मुख्य उत्पादनको स्रोत कब्जामा लिएर उल्टै गरिखाने वर्गलाई चुस्दै र दमन गर्दैआएको नेपालको राजतन्त्र र शासकहरुको विरुद्ध भएको ऐतिहासिक जनआन्दोलनमा देशभरका भूमिअधिकारबाट बञ्चितहरु दलित तथा गरिब हलिया, हरुवाचरुवा, मुक्त कमैया, कृषिश्रमिक, मोही तथा साना किसान, गुठी एवं चुरे पीडित, गाउँब्लकवासी, भूमिहीन तथा सुकुम्बासी, सामाजिक न्यायको पक्षमा समर्पित अभियानकर्ता सबैको सक्रियता रह्यो। नेपालमा रहेको सामन्ती (बाँकी पृष्ठ २...)

## यस अंकमा

तारिख नही हक लिया जाये ........ २
नेपालमा जनमुखी भूमि ऐन निर्माणको अभ्यास ........ ३
...धुपाल्चोकमा कुत रोकौं आन्दोलन ........ ५
...ौ जागौ र अधिकार लिउं ........ ६
...नका लागि नागरिकता ........ ७
आन्दोलन कोष र उपयोगिता ........ ९
भूमि अधिकार आन्दोलनमा साईकल यात्रा ........ ११
जापानमा भूमिसुधार ........ १४
भूमिहीनद्वारा ३ सय बिगाहा जमिनमा जोतभोग ........ १५
भूमि तथा किसान अधिकार अभियानबारे छलफल ........ १९
ऐतिहासिक जनआन्दोलन र जनमुखी भूमिसुधार ........ २३
भूमिको ज्वलन्त समस्या र राज्यको दायित्व अन्तरक्रिया ........ २४
विपन्नहरु उठिसकेपछि पार लाग्छ ........ २७

RRC
012

# तारिख नही हक लिया जाये

वर्षौंदेखी अर्काको जमिन जोत्दैआएका तर मोही हक कायम नभएका जोताहा किसानलाई मोही हकबाट वञ्चित गराउने अन्यायपूर्ण व्यवस्थाको जतिसुकै बिरोध गरेपनि पुग्दैन। सोही संसोधित ऐनमा भएका दर्तावाल मोही किसानले जोतेको जमिनमा आधा-आधा बाँडफाँड गरिदिने व्यवस्था पनि कार्यान्वयन हुन सकिरहेको छैन्। भूमि अड्डाहरुले ९ वर्षमा जम्मा ९ हजारको मात्र जग्गा बाँडफाँड गरेको छ। यस हिसाबले दर्तावाल मोहीको समस्या समाधान गर्न अझ २४० वर्ष लाग्नेछ। एकातिर मोहीको पक्षमा भएको व्यवस्था खारेज गर्ने त अर्कोतिर भएको थोरै व्यवस्थालाई पनि निस्कृय पार्ने चालबाजी अड्डाहरुले गरिरहेका छन्।

भूमि अधिकारबाट वञ्चितहरु आफ्नो अधिकारको लागि पुस्तौदेखि लड्दै आइरहेका छन्। केही वर्षयता भूमि अधिकारबाट वञ्चितहरु संगठित भई शान्तिपूर्ण आन्दोलनमा जुटेका छन्। तर मुलुकका सबभन्दा गरिब र पछाडि पारिएका समुदायको मन र मुटुको आवाजलाई सम्बन्धित पक्षले अत्यन्त हल्का ढंगले लिएको छ। यिनै कुराहरुलाई लिएर दाङ, बाँके र बर्दिया जिल्लाका भूमिहीन, पीडित किसानहरुले भूमि अधिकारका माग सहित तारिख होइन हक लिऔ अभियानलाई निरन्तरता दिइरहेका छन्।

बाँकेमा दर्तावाल मोहीहरुको संख्या ६ हजार ५ सय ९२ रहेको छ। जग्गाधनीको अन्याय अत्याचार सहन नसकि संगठित रुपमा २०६१ आषाढ १ देखि विभिन्न मितिमा जग्गा बाँडफाँड, नामसारी र श्रेस्ता कायमका १ हजार ९७ निवेदन पेश भएको छ। तर मोहीको हक संरक्षण गर्न भनेर खडा भएको भूमिसुधार कार्यालयले निवेदन माथि कार्वाही गरेको छैन। सरकार आफैले २०६२ चैत्र मसान्तसम्म छिनोफानो गर्ने भनेको मुद्दाको कारबाही अगाडि नबढेको हुँदा बाँकेका मोहीहरुले आफ्नो हक कायमका लागि 'तारिख नही हक लिया जाय' अभियान सञ्चालन गरिरहेका छन्। बाँकेमा जिल्लास्तरिय मोही भेला भई छिटु कोरीको संयोजकत्वमा १५ सदस्यीय जिल्ला मोही संगठन निर्माण भएको छ।

त्यसैगरी बर्दियाको २०६१ चैत्र मसान्तसम्ममा मोही बाँडफाँडमा १ हजार एकसय तीन, नामसारीमा १ सय ४४, लगतकट्टा २१, मिलापत्र , बेदखलीमा ४ गरी जम्मा १ हजार २ सय ७७ निवेदन पेश भएको छ। जिल्ला भूमिसुधार कार्यालयमा दर्ता भएका मोही निवेदनहरु छिनोफानो गराउने, अनावश्यक तारेख दिई झुलाउने, म्याद नपठाउने, डर धम्की तथा प्रलोभनमा पारेर थोरै रकम तथा जग्गामा मिलापत्र गराउने कामको विरोध गर्दै शिघ्र मोहियानी हक कायम हुनुपर्ने उद्देश्यका साथ अभियान शुरु भएको छ।




दाङमा पनि २०६१ चैत्र मसान्तसम्म २० हजार ३ सय ६३ विघा, ५ कठ्ठा १६ धुर जग्गामा मोही हक दाबी गर्दै ३३ हजार १७ मोहीले जग्गा फच्र्यौट गर्न जिल्ला भूमिसुधार कार्यालयमा निवेदन दिएका थिए। ती मध्ये ११ हजार ५१५ ले मोही प्रमाणपत्र पाएको तथ्यांक छ। सरकारले २०६२ सम्ममा मोही लागेको जग्गाको छिनोफानो गर्ने र ०६३ मा जग्गा बाँडफाँड गर्ने नीति लिएकोमा त्यसअनुसार काम हुन नसकेकोले यो आन्दोलन गरिएको छ। दाङमा ३ दिनसम्म भूमिसुधार कार्यालय तालाबन्दी गरिएको थियो।

पीडितहरुको वास्तविकतालाई उजागर गर्न मोहीहरुले मोही प्रमाण तथा तारेख पर्चा जिउमा टाँसी प्रदर्शन गरेका थिए। निरन्तरको अभियानबाट मोही मुद्दाको छिनोफानोमा केही छिटो हुनुको साथै यसले मोहीहरुमा आन्दोलन प्रति उत्साह थपेको छ। राजनीतिक दलहरुको हेराईमा सकारात्मक परिवर्तन र संचार माध्यममा भूमि सम्बन्धी समाचार सम्प्रेषणमा बृद्धि भएको छ। एक सवाल, एक आन्दोलन र धेरै तयारीले मजबुत आन्दोलन मुख्य सिकाईको रुपमा लिइएको छ।

मोही बाँडफाँडका लागि भूमिसुधार कार्यालयमा परेका निवेदन मोहीको पक्षमा चैत्र मसान्तभित्र छिनोफानो गराउने, मोही निवेदन दर्ता म्याद थप गराउने, मोही तारिख लिंदा डर, धाक, धम्की दिने र मिलापत्रका नाममा ५० प्रतिशत हक भन्दा कम लिन बाध्य बनाउने, विभिन्न वहानामा अनुचित लाभ लिने प्रचलनलाई निरुत्साहित गर्ने यस अभियानको प्रमुख उद्देश्य रहेकोमा मोही निवेदन पेश गर्ने र जग्गा बाँडफाँड गर्ने म्याद एकवर्ष थप गरिएको छ। सबै जिल्लामा संगठनस्तरमा मोही आन्दोलनको छलफल, मागपत्र तयार साथै पेश र उद्देश्य निर्धारण, पर्चा प्रकाशन, डेलिगेशन, र्‍याली, धर्ना जस्ता कार्य यस अभियान अन्तर्गत परेका छन्। ■

## भूमिसुधार...

भू-स्वामित्वको अन्त र लोकतान्त्रिक ढंगले समग्र भूमि तथा कृषि अर्थतन्त्रको पुनर्गठन नगरी समुन्नत मुलुक असम्भव छ। यो यथार्थताको महशुसीकरण लोकतान्त्रिक आन्दोलनका नेतृत्वदायी दलहरु, नागरिक संगठन, नेतृत्वदायी संस्था र व्यक्तिहरुमा भएको छ की छैन ? के अब पनि भूमिसुधार नगर्ने ? स्रोत र संसाधनमा गरिबहरुको पहुँच कायम गर्ने विषयमा अब सबैको ध्यान जान आवश्यक छ। नेपाली समाजमा विद्यमान गरिबी, शोषण, अन्याय र उत्पीडन नै भूमिको असमान वितरणसँग गाँसिएको छ। निरकुंशताको जड, शोषणकारी प्रथाको उर्जा, विभेदको आधार, गरिबीको जरो सबैको समुल अन्त्यका लागि भूमिको न्यायिक पूनर्वितरण आवश्यक छ। ■

# नेपालमा जनमुखी भूमि ऐन निर्माणको अभ्यास

विभिन्न दशकका राष्ट्रिय योजना, पार्टीहरुका घोषणापत्र र पटकपटकका सरकारका विशेष घोषणामा भूमिसुधारको एजेण्डाले ठाउँ पाए पनि व्यवहारमा त्यसको कुनै सकारात्मक प्रभाव परेको छैन्। त्यस्ता घोषणा र कार्यक्रमले भूमिसुधारको वर्तमान चुनौती र आर्थिक तथा सामाजिक ढाँचालाई समात्न नसक्दा परिणाम निराशाजनक हुन गएको हो। भूमिसुधारको एजेण्डालाई अब नयाँ दृष्टिकोण सहित परिवर्तनगामी नीति बनाएर व्यवहारमा लागू गर्न निकै नै ढिला भईसकेको छ।

भूमि अधिकारका लागि अधिकारबाट वञ्चित गरिवतम् समुदायको संघर्ष जारी छ। उनीहरु बाँच्नका लागि, अस्तित्वका लागि र स्वाभिमानका लागि लडिरहेका छन्। तर उनीहरु दुख सिवाय केही पाईरहेका छैनन्। संविधानमा नै स्रोतको उचित बाँडफाँड र गरिबलाई प्राथमिकता दिने भन्ने उल्लेख भएपनि भूमि अधिकारबाट बञ्चितहरु, भूमि पाउनु त कता हो कता उल्टै विकासका नीति तथा कार्यक्रमबाट नै पाखा लगाईएका छन्।

भूमिसुधारको जिम्मा केन्द्रिय हिसाबमा मात्र

**भूमिसुधारको जिम्मा केन्द्रीय हिसाबमा मात्र गर्दा स्थानीय निकाय भूमिका विहीन बनेका छन्। केन्द्रीय नीतिले भूमिका स्थानीय समस्यालाई समेट्न सकेको छैन्। झै-झगडा बढिरहेका छन्। द्वन्द्व चर्कदो छ। भूमि नीतिले ज्यादा भन्दा ज्यादा न्याय दिन सक्नुपर्दछ र यो स्थानीयतामा आधारित हुनुपर्दछ।**

गर्दा स्थानीय निकाय भूमिका विहीन बनेका छन्। केन्द्रिय नीतिले भूमिका स्थानीय समस्यालाई समेट्न सकेको छैन्। झै-झगडा बढिरहेका छन्। द्वन्द्व चर्कदो छ। भूमि नीतिले ज्यादा भन्दा ज्यादा न्याय दिन सक्नुपर्दछ र यो स्थानीयतामा आधारित हुनुपर्दछ। यस्तै सेरोफेरोमा भूमि ऐनमाथि संशोधन मात्र नभएर नयाँ जनताको भूमि ऐनको खाँचो टड्कारो रुपमा महशुस गरिएको छ। यसैको परिणामस्वरुप भूमिमा वास्तविक



रुपमा श्रम गर्ने तर भूमिअधिकारबाट बञ्चितहरुको व्यापक सहभागिता र छलफलका आधारमा देशको कुलग्राहस्थ उत्पादनमा बृद्धि गर्न सामाजिक असमानता, विभेदहरु हटाउन र सामाजिक न्याय तथा समुन्नतीको स्थापनाका लागि जमिनमा श्रम गर्नेलाई भूमिको मालिक बनाउने उद्देश्यका साथ भूमि अधिकारबाट बञ्चितहरु जनताको (आफ्नै) भूमि ऐन निर्माण प्रक्रियामा देशभरबाट जुटिरहेका छन्। यो प्रक्रियामा १७ वटा जिल्ला भूमि अधिकार मञ्च र ३० गैरसरकारी संस्था र दर्जनौं अभियानकर्ताहरु जुटिरहेका छन्।

यसका लागि पूर्णतः समुदाय तहमा प्रश्नावलीको आधारमा विभिन्न सवालमा छलफल गरिरहेको छ। समुदाय तहमा भूमि अधिकारबाट बञ्चित, अभियानका सहजकर्ता र संगठनका प्रतिनीधिहरुको सहभागिता रहेको छ। समुदाय छलफलमा जानुपूर्व अभिमुखीकरणका साथै अहिलेको भूमि ऐनका सम्बन्धमा प्रष्ट भई गरिएको थियो। प्रत्येक छलफलका आधारमा तयार गरिएको समुदाय तहको प्रतिवेदनका आधारमा त्यस कार्यमा संलग्न सबै बसी छलफलबाट सवालहरु पहिचान गरेर जिल्ला तहमा छलफल गरी त्यसबाट आएका सुझाव र विचारलाई समेटी राष्ट्रिय तहमा जनताको भूमि ऐनको मस्यौदा निर्माण गरिएको छ।

## हालसम्मका महत्वपूर्ण सवालहरु

**जग्गा दर्ता कि पुनर्वितरण :** भूमि अधिकारबाट बञ्चितहरु कुनै न कुनै जग्गामा बसोबास गरिआएका छन्। ऐलानी, डगरबगर आदि सानै क्षेत्रफलको भएपनि भोग गर्दै आईरहेका छन्। त्यस्तो जग्गा मात्र दर्ता गरेर हुदैंन। भूमिहीन र जग्गाको गाविस र जिल्ला तहमा स्पष्ट आँकडा लिएर जग्गाको पूनवितरण गर्नुपर्दछ। यसका लागि केन्द्रिय हैन कि जिल्लागत आयोग र ३ देखि ५ वर्षको गृहकार्य चाहिन्छ।

**गाउँब्लक:** गाउँब्लक जग्गा भोगका आधारमा मात्र दर्ता नगरी नयाँ योजना सहितको जग्गाको सही व्यवस्थापन हुन सक्ने गरी दर्ता गरी निस्सा उपलब्ध गराउनु पर्दछ ।

**भूमिमा महिला स्वामित्व** : भूमिमा महिलाको स्वामित्व हुनुपर्ने विषय प्रमुखताका साथ उठाईएको छ । तर स्वामित्व स्वतन्त्र रहने कि, संयुक्त गर्ने, विवाह अघि र पछिको अधिकार आदिका विषयमा अझै प्रष्ट मत आईसकेको छैन ।

**मोहियानी हक:** मोहियानी हक दिँदा घरमुलीको बहानामा पुरुषलाई मात्र जग्गाको मालिक बनाईएको छ । यस्तो मोही लागेको जग्गा त्यस्तो जग्गामा श्रम गर्दै आईरहेका महिला, पुरुष दुवैको नाममा मोहियानी हक दिनुपर्दछ ।

**जग्गामा आदिवासीहरु** : आदिवासीहरुले भोग गरिरहेको जग्गामा विकासे कार्यक्रमहरुको नकारात्मक असर परिरहेको छ । जस्तो सामुदायिक बन कार्यक्रमले खोरिया खेती मारमा परेको छ । सामुदायिक बनमा आदिवासीहरुको पहुँच कम छ र बनका अनेकन नियमले बनका असली हकदारलाई बार लगाईदिएको छ । विशेष आदिवासी क्षेत्रको जग्गाको हक हस्तान्तरण अरु समुदाय तथा जातीमा नहुने व्यवस्था हुनुपर्दछ । साथै सम्भव भएसम्मका जग्गा सामुदायिक स्वामित्वमा राखिनुपर्दछ ।

**बुझाईको जाँच** : जमिनको असमान वितरणले नै गरिवी, अन्याय, अपमान र द्वन्द्वलाई बढाईरहेको भन्ने विषयमा अधिकाश भूमि अधिकारबाट बञ्चितहरुको पहिलो तर्क रहयो । यस अर्थमा भूमिसुधारका अरु विकल्पतिर लाग्नुपर्छ भन्ने सवाल कम महत्वको छ भन्ने प्रष्ट हुन्छ । अधिकाश गरिबहरु खेतीमा गहिरो रुची राख्छन् र साना किसान समुदायको आफ्नो पहिचान कायम राखी राख्न चाहन्छन् ।

**भूमि मात्रले हुदैंन** : भूमि अधिकारबाट बञ्चितहरुलाई भूमिमा अधिकार मात्र दिएर पुग्दैन । यसको साथमा जीविकाको अन्य सहयोगी प्रयास पनि चाहिन्छ । यसो गर्दा परनिर्भर बनाउने नभई सुमदायको प्रयासमा नै बल पुऱ्याउने किसिमको हुनुपर्दछ । विकासका सबै प्रयासले भूमि अधिकारबाट बञ्चित र साना किसानलाई छोडेको छ । हरेक विकास कार्यक्रम एवं नीतिहरुमा भूमि अधिकारबाट बञ्चित र साना किसान केन्द्रमा राख्न आवश्यक छ ।

*मोहियानी हक दिँदा घरमुलीको बहानामा पुरुषलाई मात्र जग्गाको मालिक बनाईएको छ । यस्तो मोही लागेको जग्गा त्यस्तो जग्गामा श्रम गर्दै आईरहेका महिला, पुरुष दुवैको नाममा मोहियानी हक दिनुपर्दछ ।*

**नागरिकता** : भूमि अधिकार र नागरिकता एक अर्काका परिपुरक जस्तै छन् । भूमिको समस्यालाई र नागरिकताको समस्यालाई सँगै सम्बोधन गर्नुपर्दछ ।

**जोताहालाई दिने भनेर हुदैंन** : गुठीको जग्गा जोताहालाई मात्र दिने नीतिले समस्या समाधान हुदैंन । यसो गर्दा धनीहरुकै हातमा जग्गा जाने समस्या छ । अत कतिसम्म आफ्ना जग्गा भएकालाई कतिसम्म थप जग्गा लिने भन्ने प्रष्ट नीति बन्नुपर्दछ । आफ्नो खानपुग्ने जग्गा हुँदाहुँदै पनि अरु कुनै पनि प्रकारका जग्गा अतिक्रमण गर्नेबाट सबै जग्गा बिनाशर्त फिर्ता गरिनुपर्दछ ।

**हदबन्दी** : हदबन्दी २ देखि ४ विगाहाको बिचमा राखिनुपर्दछ । सबै परिवारलाई १ विगाहाको दरले जमिनको पुनवितरण गर्नुपर्दछ ।

**पुनस्थापना** : बाढी पीडित, विकास आयोजना आदिबाट विस्थापितहरुको पनि समस्या ठुलो देखियो । उनीहरुलाई जग्गा नै दिनुपर्दछ ।

## जग्गा बाँडफाँड गर्ने म्याद थप

**नेपाल सरकारले मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद पुन : थप गरेको छ । ऐनको अधिनमा राजपत्रमा प्रकाशित सूचना अनुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद २०६३ साल चैत मसान्तसम्म तोकेको छ ।**

**त्यस्तै पर्नआएका निवेदनको छिनोफानो २०६४ साल चैत मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । यस अघि भूमिसम्बन्धी ऐनमा चौथो पटक संशोधन गरी मोहियानी हक नलाग्ने व्यवस्थाको साथै मोही लागिसकेका जग्गा मोही र जग्गावालबीच आधाआधा गर्न गराउन सक्ने व्यवस्था गरिएको थियो ।**

**जग्गा बाँडफाँडको प्रक्रियामा जग्गावालको जग्गाधनी पूर्जामा मोही महलमा मोही नाम लेखिएको बाहेक मोहीको अस्थायी प्रमाणपत्र हुनेले पनि निवेदन दिन सक्छन् ।**

### अनुरोध

**यो पत्रिका देशभर जारी भूमि अधिकार अभियानबारे जानकारी आदान-प्रदान गर्न सघाउने पत्रिका हो । यो अधिराज्यका २५ भन्दा बढी जिल्ला, विभिन्न संघ/संस्था एवं सम्बन्धित सरकारी कार्यालयमा पुग्दछ । कतै तपाई, तपाईको संगठन र संस्थाले गरेको महत्वपूर्ण अभियान त छुटेनन् ? कार्यक्रम सम्पन्न हुनासाथ यसमा प्रकाशन गर्न योग्य सामाग्रीहरु पठाउनुहुन हाम्रो अनुरोध छ । यो पत्रिका हरेक ३-३ महिनामा प्रकाशन हुन्छ ।**

# सिन्धुपाल्चोकमा कुत रोकौं आन्दोलन

सिन्धुपाल्चोक जिल्लाका करिब ३५ हजार किसान परिवारहरु पुस्तौंदेखि भू-सामन्ती तथा भू-माफियाद्वारा सताईएका छन् । जिल्लाभरीको जग्गा (६७,१२९ रोपनी) अनेकौं षडयन्त्र गरेर गुठीको नाममा दर्ता गरिएका छन् । किसानहरु पुस्तौंदेखि जोतभोग गर्दै आएको जग्गाको कानुनी निस्सा नहुँदा अनेकौं अवसर र अधिकारबाट बञ्चित हुनुपरिरहेको छ । कम उब्जाउ जग्गामा वर्षभरी परिवारले गरेको मेहेनतबाट उत्पादन हुने अनाज पनि धर्मको नाममा बुझाउनु पर्ने कुत र तिरोको कारण पसिनाको कमाई पुजारी, जमिन्दार आदिले खाईरहेका छन् । गरिब जिल्ला सिन्धुपाल्चोकका जनताहरु आफु भोकै बसेर काठमाडौंमा रहेका मन्दिरको पूजाआजा र विभिन्न नामका जात्रा र भोज चलाई दिन बाध्य छन् ।

गुठी जग्गाका किसान मात्र हैन, आफैं खेतीपाती नगर्ने, अन्य पेशा भएका अनुपस्थित जग्गाधनीका जग्गा कमाउने बेदर्तावाल मोहीहरु पनि जग्गाधनीका थिचोमिचो र शोषणबाट आहात बन्नु परेको छ । कुत बुझाएको भर्पाई माग्दा समेत जग्गा खोसिने गरिन्छ । यि र यस्तै अनेकन शोषण, अन्याय र अभावबाट मुक्ति पाउनको निम्ति किसानहरुले सञ्चालन गरेका भूमिअधिकार आन्दोलन एकदशक बितिसक्दा पनि समस्याप्रति सरकारी निकाय उदासिन हुदैं आएको छ । किसानहरुले जोतभोग गरिरहेका जग्गा गुठीको नामबाट शोषण गर्ने र मोही हक समेत नदिएर श्रम गरी जीविका धान्ने जोताहाहरुको जीविकोपार्जनमा संकट उत्पन्न गराईएको छ । भूमि प्रशासन तथा अड्डाहरुले भूमि पीडितलाई सहयोग गर्नुको सट्टा समस्याप्रति वेवास्ता गर्दै अनावश्यक झन्झट दिईरहेका र किसानका समस्याप्रति सकारात्मक छैनन् । अनेक बहानामा दायित्वबाट पन्छिने काम भईरहेको छ ।

**मागहरू**

*जिल्लाका गुठी पीडित तथा जोताहा किसानहरुको तर्फबाट जिल्ला मालपोत र भूमिसुधार कार्यालयमा पेश भएका सम्पूर्ण निवेदनहरुको छिनोफानो गरिब किसानको पक्षमा हुनेगरी २ महिनाभित्र छिनोफानो गरियोस् ।*

*सिन्धुपाल्चोक जिल्लामा मन्त्रीपरिषदको निर्णयबाट गठित गुठी जग्गा दर्ता समितिले गरेको निर्णय अनुसार किसानहरुलाई तुरुन्त लालपूर्जा दिईयोस् ।*

*नवलपुर गाउँ ब्लकको १६६ परिवारको नापनक्शा कित्ताकाट र दर्ता भईसकेको जग्गाको लालपूर्जा वितरण गरियोस् ।*

*विभिन्न बहानामा अन्यायपूर्ण ढंगले गुठीको नाम जनाईएका राम्चे, ठोकर्पा, जलवीरे, फुल्पिङ्कोट लगायतका गाविसका जग्गा जोतभोगको आधारमा किसानको नाममा रैकरमा दर्ता गरी पूर्जा दिईयोस् ।*

*फुल्पिङ्कोट गाविसको २५० घरधुरीले जोतभोग गरिआएका जग्गाको फिल्डबुकमा नामखाली राखिएको पाईएको छ । अत उक्त गाविसको स्थलगत अध्ययन टोली खटाई जोतभोग गरिरहेका परिवारको नाममा पूर्जा दिईयोस् ।*

*सुनखानीको डोको किपट जग्गा रैकर जग्गा नै भएकोले साविकका जग्गाधनीहरुको नाममा ति जग्गाहरु दर्ता गरियोस् ।*

*गाती गाविस लगायतका विभिन्न गाविसका हजारौं बेदर्तावाल मोही दर्ता प्रक्रिया यथाशिघ्र शुरु गरियोस् ।*

अघिल्लो समयमा भूमि आन्दोलनको सहजीकरणमा केही किसानहरुले हक प्राप्त गरेपनि ०६१ माघ १९ पछिको निरकुंशतन्त्रको कारण पीडित किसानले हक पाउने सामान्य बाटो समेत अवरुद्ध भयो र उल्टै हक हननका लागि अनेकौं जालझेल गर्ने काम गरियो । यसो भएपछि मठमन्दिर, बगैंचा र पुरातात्विक ठाउँ आदिले ओगटेको बाहेकको खेती भईरहेको जग्गा खेती गरिरहेको गरिब किसानको नाममा जग्गा रैकर हुनुपर्ने माग सहित सो पुरा नभएसम्म कुनै पनि कुत नबुझाउने आन्दोलन सञ्चालन गरेका छन् । यसका लागी एक महिने जागरण अभियान सञ्चालन गरिएको थियो ।

यसका लागि साँस्कृतिक अभियान, साहु र मोही विच बहस, कुत संरक्षण कोष निर्माण र राजनीतिक दलसँग संवाद जस्ता प्रयासहरु भएका छन् । संगठन सुदृढिकरण अभियान अन्तर्गत यसबाट किउल, हेलम्बु, इचोक र पाल्चोकमा बेदर्तावाल मोहीहरुको भेला भयो । असार १५ गते प्रतिकात्मक बिरोध स्वरुप मेलम्ची सडकमा धान रोपाई र सभा गरिएको थियो । गातीमा कुत संरक्षण कोष निर्माण भई बैंकमा ३ हजार जम्मा गरिएको छ । नवलपुरमा ६० मुरी धान किसानसँग नै सुरक्षित छ । भिमटार ३ का बलबहादुर माझीले ४ रोपनी जग्गा प्राप्त गरेका छन् । किउलमा विष्णु सापकोटा लगायतका ३ जनाले १२ रोपनी जमिनमा अधिकार पाएका छन् भने बाँडेगाउँ ३ का विस्३२ जना किसानले ६८ रोपनी जमिनमा हक पाएका छन् । ■


# जोतौ जागौ र अधिकार लिउं

राष्ट्रिय भूमि अधिकार मन्च, नेपाल जिल्ला समिति सुनसरीले २०६२ फाल्गुण २१ गते जिल्ला परिषद सम्पन्न गरेको छ । परिषदले जोतौ, जागौ र अधिकार लिऔ भन्ने नाराका साथ ४ सय सहभागीहरुको उपस्थितीमा मोही, सुकुम्बासी र भूमि अधिकारबाट बञ्चित समुदायको अधिकारका लागि १० बुँदे माग र १५ बुँदे समसामयिक प्रस्ताव पारित गरेको थियो । साथै १ महिने जोतौ, जागौ र अधिकार लिउँ आन्दोलन गर्ने निर्णय पनि सो अवसरमा गरिएको थियो ।

उक्त परिषद्को उद्घाटन महिला दवाब समुहकी अध्यक्ष तथा पूर्वमन्त्री श्रीमती साहाना प्रधानले गर्नुभएको थियो । भूमिहीनहरु संगठित भएर लाग्न उहाँले अनुरोध गर्नुभयो । आन्दोलनलाई मानवअधिकार, सामाजिक न्याय र गरिवीबिरुद्धको आन्दोलनका रुपमा विकसित गर्दै पूर्ण लोकतन्त्रतर्फ अगाडि बढाउनुपर्नेमा उहाँको जोड थियो । राष्ट्रिय भूमि अधिकार मंचका अध्यक्ष बलदेव रामले लोकतन्त्रका लागि क्रियाशिल दलहरुले आफ्नो आन्दोलनको एजेण्डालाई स्पष्ट बनाई विगतका गल्तीहरुलाई सुधार गरेर अगाडि जानुपर्ने र गरिब भूमिहीनहरुको समस्या समाधानको स्पष्ट चित्र तयार हुनुपर्ने बताउनुभयो । किसानहरुलाई देशको माया छ तर शासकहरुलाई किसानको माया नभएकोमा उहाँको गुनासो थियो ।

**कार्यक्रम**

- ०६२ फाल्गुण २२ गतेदेखि २७ गतेसम्म स्थानिय तहमा छलफल, अन्तरकृया र आन्दोलनका लागि जनमत निर्माण गर्ने ।
- फाल्गुण २८ गते देखि चैत्र ३ गतेसम्म नगरपालिकाकेन्द्रित भूमिअधिकार सांस्कृतिक अभियान संचालन गर्ने र भूमिअधिकारका लागि जोतौ, जागौ र अधिकार लिऔ भन्ने नारालाई स्थापित गर्न अधिकारबाट बंचितहरुलाई जागरुक गराउने ।
- चैत्र ४ गतेदेखि ७ गते सम्म सांस्कृतिक टोली सहितको साईकल यात्रा गरी जिल्लाका सबै जनसमुदाय, नागरिक समाज, राजनीतिक दल र अधिकारबाट बंचितहरु बिच पुग्ने र आन्दोलनलाई संगठित गर्दै जाने । स्थानिय बिभिन्न गाबिसमा कोण सभाको आयोजना गर्ने ।
- ०६२ चैत्र ८ गतेदेखि १५ गतेसम्म बिभिन्न सरोकारवालाहरुबिच अन्तरक्रिया गर्ने । थप आन्दोलनका लागि स्थानिय तहमा कमिटिहरुमा छलफल गर्ने र ०६२ चैत्र १६ गतेदेखि २१ गतेसम्म जिल्ला भूमिसुधार कार्यालय अगाडि रिले भोक हडताल गर्ने ।




- रिले भोक हडतालकै सन्दर्भमा ०६२ चैत्र २१ गते मुलुकभरीका भूमि अधिकार अभियानकर्मीहरु सुनसरीमा जम्मा हुने र भारतीय अधिकारकर्मी, नेपालका नागरिक समाज र राजनीतिक दलहरुको समेत उपस्थीतिमा क्षेत्रिय जनसभाको आयोजना गर्ने र पहिलो चरणको आन्दोलनको समाप्ति र समस्या समाधान नभएमा दोश्रो चरणको आन्दोलनको घोषणा गर्ने ।

**आन्दोलन तयारी बैठक**

आन्दोलनको घोषणा गरिसकेपछि आन्दोलनलाई व्यवस्थित र मजबुत बनाउन गाउँ, टोल तहसम्म आन्दोलनको बारेमा जानकारी र प्रचारप्रसार गरी २ पटक सरोकारवाला संस्था, मंच र अभियानकर्मीहरुको संयुक्त तयारी बैठक बस्यो । बैठकले आन्दोलनको तयारी, जिम्मेवारी बाँडफाँड र जनपरिचालनको योजना बनाएको थियो । बैठकमा ५६ जनाको सहभागिता थियो ।

**साँस्कृतिक अभियान**

दियालो साँस्कृतिक परिवारको सक्रियता र अभियान नेपालको संयोजनमा जिल्लाका विभिन्न ३३ स्थानमा भूमि साँस्कृतिक अभियान तथा सभाहरु सम्पन्न भए । सभामा स्थानिय संघसंस्थाहरु, नागरिक समाज, राजनीतिक दलहरु र अधिकारबाट बंचित समुदायको सहभागिता थियो । साँस्कृतिक अभियान र सभाहरुका माध्यमबाट १० हजारमाभ्क अभियानबारे सन्देश पुगेको छ । कार्यक्रममा व्यवस्थापन, खाना तथा मंच निर्माणमा स्थानिय समुदायले सहयोग गरेका थिए ।

कार्यक्रमबाट समुदायमा थप उत्साह आएको छ ।

### जिल्लास्तरिय साईकल यात्रा

ईटहरीको जनता बस्तीबाट जनसभा गरी शूरु भएको ४ दिने साईकल यात्रा जिल्ला भूमिसुधार कार्यालय अगाडि पुगी ५ हजारको हस्ताक्षर सहितको बिरोध पत्र बुझाई समापन गरिएको थियो । निरन्तर रुपमा सहभागी ५५ जनामा २० जना स्वयं सेबक, २० जना साँस्कृतिक अभियानकर्मी तथा अन्य सहजकर्ताहरुको सहभागिता थियो । साईकल यात्रा जिल्लाका २७ गाबिस र २ नपाहरुमा पुगी करिब १ लाख अधिकारबाट बंचित समुदायसंग भेटघाट गरेको थियो । साईकल यात्राका सन्दर्भमा साँस्कृतिक कार्यक्रम, जनसभा र पर्चाहरुको बितरण गरिएको थियो भने स्थानिय सप्तकोशी एफ. एम. बाट ३० मिनेटको कार्यक्रम प्रसारण गरिएको थियो ।

### सरोकारवालासँग छलफल

आन्दोलनलाई सफल बनाउन तथा ब्यापक समर्थन र ऐक्यबद्धताका लागि राजनीतिक दलहरु नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कांग्रेस प्रजातान्त्रिक, नेपाल सद्‌भाबना पार्टी आनन्ददेबी, नेपाल बार एशोसिएसन, नेपाल पत्रकार महासघ र जिल्लाका बिभिन्न गैससहरुसँग राष्ट्रिय भूमि अधिकार मंच जिल्ला समिति सुनसरीको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । मंचका नेताहरु, अभियानकर्मीहरु, सहजीकरण गर्ने संस्थाका पदाधिकारीहरु र सम्बन्धित संस्था तथा पार्टीका जिल्ला नेताहरुको सहभागितामा भएको अन्तरक्रिया कार्यक्रममा दुबै पक्षबाट लोकतन्त्र र भूमि अधिकारको पक्षमा क्रियाशिल हुने र आपसी सहयोग आदान प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गरिएको थियो ।

### रिले भोक हडताल

अधिकारबाट बंचितहरुले १ हप्ते रिले भोक हडताल सम्पन्न गरे । भोक हडतालमा गरिब किसान, मोही, सुकुम्बासी, महिला, बालबालिका र दलित गरी दुइसय जनाको सहभागिता थियो । यसमा राजनीतिक नेता कार्यकर्ताहरु, नागरिक समाजका सदस्यहरुले ऐक्यबद्धता जनाएका छन् । भारतका भूमिअधिकार अभियानकर्मी तथा एकता परिषदका अध्यक्ष राजगोपालले सर्बत पियाएर भोकहडतालको अन्त्य गरिएको थियो । ■




# भूमिका लागि नागरिकता

- *सप्तरी हर्दियाका छेदी राम फागुनमा छोराको नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालयमा जाँदा नेपाली भाषा बोल्न नजानेको कारण फर्काइयो । पछि फेरी जाँदा सर्जमिन गरी ल्याउन आदेश गरिएको छ ।*
- *मौहवा गाविसका दुखी रामले पनि दाइले सनाखत बस्दा पनि नागरिकता पाउन सकेनन् । उनको लालपुर्जा मागियो तर उनीसँग लालपुर्जा थिएन । भाइको नागरिकताको लागि सनाखत बस्दाबस्दै दाईको मृत्यु भयो ।*
- *मधुपट्टी ७ की बेचनीदेवी मण्डलले दशौ पटकसम्म सर्जमिन गराउँदा पनि नागरिकता पाउन सकेकी छैनन् ।*

मधेशलाई राज्यले शैक्षिक, आर्थिक, राजनीतिक, र साँस्कृतिक रुपमा पछाडि पारेको छ । एक अध्ययन अनुसार सप्तरी र सिराहामा रहेका मधेशी दलितमध्ये ३३ प्रतिशत पुरुष र ७६ प्रतिशत महिलाको नागरिकता छैन । यसरी दलितलाई नागरिकताबाट बञ्चित गर्नुपर्ने कुनै कारण छैन ।

जमिन्दारले दलित भूमिहीनलाई नागरिकता दियो भने हामी र उनीहरुमा कुनै फरक भएन भन्ने एउटा र अर्को जग्गाको अधिकारबाट बञ्चित गराउने नियतले नै नागरिकताबाट बञ्चित गरिएको छ ।

मधेशी दलित बहुसंख्यक रुपमा कृषिमा आधारित छन् । तर उनीहरुको हातमा जमिन छैन, सुकुम्बासी र घरबास समेत आफ्नो नभएकोले उनीहरु उठिबास हुने डरले जमिन्दारले भनेको मान्न बाध्य छन् । श्रमशोषणमा बालबालिकासमेत परेका छन् शिक्षाबाट वञ्चित हुने अवस्थामा छन् । दलितहरु स्वतन्त्र रुपले केही गर्न नपाउने, गर्न खोजिएमा नाकाबन्दी लगाउने गर्दछन् ।

पुस्तौदेखि नेपालको बसोबास गरेका तराईका प्रमुख आदिवासीहरु नागरिकताबाट बञ्चित छन् । तराईका वास्तविक भूमिपुत्रहरु मुलतः दलितहरुसँग नेपाली हुँ भनेर देखाउने कुनै प्रमाण छैन् । आर्थिक अवस्था कमजोर छ । प्रायजसो कृषि मजदुरको रुपमा ज्यालामा

काम गरेर जीवन निर्वाह गर्दै आईरहेका छन् ।

बर्षौंदेखि मोही वा कृषि मजदुरका रुपमा खेती गर्दै आएका मधेसीहरुसँग नागरिकताको प्रमाणपत्र नभएकाले उनीहरुले सरकारले लिएको हदबन्दीभन्दा बढी जमिन पुनर्वितरण हुँदा जमिन पाउन सकेनन् ।

भूमिसम्बन्धी नियमावली अनुसार जमिन प्राप्त गर्न वा किन्न नागरिकताको प्रमाणपत्र हुनैपर्ने व्यवस्था छ । नागरिकता प्राप्त गर्ने प्रक्रिया जटिल छ । गाउँका मानिसहरुका लागि यो प्रक्रिया पुरा गर्न ज्यादै अप्ठ्यारो छ ।

मधेशी दलित गरिबको नागरिकता प्राप्तिको सवालमा आवाज उठाउने क्रमलाई निरन्तरता दिदैं सिराहा र सप्तरीमा भूमिका लागि नागरिकता अभियान संचालन भईरहेको छ । सप्तरी र सिराहा नेपालकै सबभन्दा बढी दलित बसोबास गर्ने जिल्लामा पर्दछन् ।

सप्तरीमा २ वर्ष अगाडि करिब ५ सय दलितहरु नागरिकताका लागि ४८ घण्टे अनशनमा बसेका थिए । आफ्ना समस्यालाई लिएर दलितहरु प्रशासन कार्यालयमा जाने, ऱ्याली, घेराउ आदि कार्य कति भयो भन्ने कुनै लेखाजोखा नै छैन् ।

भूमिहीन दलितहरुको नागरिकता अधिकारबारे छलफल गर्न गाउँ शिविर सम्पन्न भएको छ । २०६२ साल चैत १७ गते जिल्ला प्रशासन कार्यालयको काम कार्वाही ठप्प पार्ने गरी धर्ना दिईयो । यसअघि ३ दिने धर्ना गरिएको थियो ।

नागरिकता अभियान अन्तर्गत यसवर्ष सप्तरीमा ३४६ जना र सिराहामा १४३ जनाले नागरिकता प्राप्त गरेका छन् । यतिखेर नेपालका सबै दलहरु नागरिकता समस्या समाधान गर्न सहमत भएका छन् ।

नेपाल सरकारले संविधान सभाको निर्वाचन अगावै नागरिकता प्रदानको कार्य छिटो छरितो र सर्व शुलभ रुपमा उपलब्ध गराउन आवश्यक कदम चालिने अपेक्षा सबैको रहेको छ । ■

## नागरिकता पाउनका लागि पाँच वर्षसम्म चरुवा भएर बस्नु पऱ्यो

सप्तरी मलेकपुर ४ का राजदेव मण्डल (धानुक) नागरिकता बनाइ दिने आशमा चरुवा बसे । गाविस अध्यक्ष सुरेन्द्र प्रसाद यादवको घरमा बसेपछी नागरिकता सिफारिस पाईने आशा उनको थियो । यसैले २०५४ देखि ०५६ सम्म उनी यादबको घरमा चरुवा बसे । यसवापत बर्षको २२ मन धान पाउँथे । हिसाब गर्दा उनले काम गरेवापत प्रति दिनको साढे २ किलो धान पर्दछ । नागरिकता बनाउँदा खर्च लाग्छ भन्दै अध्यक्षले उनबाट ६ सय पनि लिए । अध्यक्षले आफु कहाँ तिन बर्ष बस्नुपर्छ भनेको भएपनि उनी दुई बर्ष मात्र बसे । राजदेव मण्डलको बुवाको नागरिकता तथा अन्य प्रमाण नभएका कारणले नै राजदेब यो दुख झेल्न बाध्य भए । त्यस समयमा उनले वडा कार्यालयबाट सिफारिस मात्र पाए ।

यसपछि उनी फेरी पुर्व अध्यक्ष मधुकर यादवको घरमा दुई वर्षसम्म चरुवा बसे । यहाँ उनले वर्षको १२ मन धान पाउँथे । उनले पनि नागरिकता बनाईदिने आश्वासन दिदैं मण्डललाई चरुवा बनाएका थिए । उनले पनि एक वर्षसम्म केही वास्ता गरेनन् । एक बर्षपछि मात्र यादवले नागरिकता बनाउने प्रक्रियामा समय दिन थाले । उनको नागरिकता त बन्यो तर उनले सो नागरिकता एक बर्षसम्म मण्डललाई दिएनन् । उनले समाजलाई गुहारे । तर कसैको साहारा पाएनन । मण्डल मधुकरको गोजीमा आफ्नो नागरिकता छोडेर अर्को साहु महेश यादव (सैनिक) को घरमा एक बर्ष चरुवाई गरे । यहाँ उनले एक वर्षको पारिश्रमिक दश मन धान पाउँथे । उनले महेश यादबलाई सबै कुरा सुनाए ।

*उनको नागरिकता त बन्यो तर उनले सो नागरिकता एक बर्षसम्म मण्डललाई दिएनन् । उनले समाजलाई गुहारे । तर कसैको साहारा पाएनन । मण्डल मधुकरको गोजीमा आफ्नो नागरिकता छोडेर अर्को साहु महेश यादवको घरमा एक बर्ष चरुवाई गरे ।*

महेशले मण्डलसँग तिन हजार रुपैया लिएर एक वर्षपछि नागरिकताको प्रतिलिपी निकालिदिए । यसो गर्दै उनी नागरिकताको प्रतिलिपी लिएर पाँच वर्षपछि घर फर्के । उनको छोरा शिवकुमार मण्डलले १० वर्षको उमेरमा त्यही महेश यादव (सैनिक) को दाजु (सैनिक ईन्जिनियर) कामेश्वर यादवको डेरामा पाँच वर्षसम्म काम गरेर बसे । उनको पारिश्रमिक मासीक १५ सय दिन्छु भनेका थिए । तर उनले प्रत्येक दशैमा १ हजार रुपैया भन्दा पाएनन् । बाँकी पैसा पछि दिन्छु भन्दै अहिलेसम्म तीसहजार भैसकेको छ तर दिएका छैनन् । छोराको पारिश्रमिक माग्न जाँदा उल्टै कामेश्वर यादवले धम्की दिए । छोराले आफ्नो घरबाट पचास हजार रुपैया लुटेर लगेको र सो रकम फिर्ता नगरे तलाई मामा घर (प्रहरी चौकी) लान्छु भन्छन उनी । एकपटक त उनकी श्रीमतीको छातीमा पेस्तोल राखी मार्ने धम्की समेत दिएका थिए उनी भन्छन । डरले पीडित मण्डलले रुदै आफ्नो पैसा छाडेर घर फर्केर आए ।

उनले नागरिकताको उपयोग गरी दशधुर घडेरी जग्गा किनेका छन् । ग्रामीण विकास बैंकबाट रु. ६ हजार ऋण पनि लिए । ऋणबाट एउटा ठेला किने । अहिले उनले राजविराजमा ठेला चलाएर दैनिक एकसय कमाउन थालेका छन ।

# आन्दोलन कोष र उपयोगिता

– पुष्कर आचार्य

नेपालका गाउँगाउँ, जिल्ला-जिल्ला, पहाड, तराई सबैतिर भूमि आन्दोलन जारी छ। भूमि अधिकारबाट वञ्चित मोही, किसान, हलिया, हरुवा-चरुवा, सुकुम्वासी, कमैयाहरु आफ्नो जीविकाको सुरक्षा, न्याय र स्वतन्त्रताको लागि भूमि आन्दोलनमा जुटिरहेका छन्।

'जल, जंगल र जमीन हुनुपर्छ जनताको अधीन' भन्ने मूल नाराका साथ आज नेपाल लगायत छिमेकी देश भारत, वंगलादेश, थाइल्यान्ड, फिलिपिन्स, तान्जानिया, ब्राजिल आदि एसिया, अफ्रिका तथा दक्षिण अमेरिकी मुलुकहरुमा भूमि आन्दोलन भइरहेको छ। नेपालका लाखौं भूमिहीन किसानहरु भूमिअधिकारको लागि सचेत र संगठित बनेका छन्। यसरी बढ्दै गएको सचेतता र बलियो हुदैं आएको जनसगठनको अभियानको कारण धेरै संघसंस्था तथा राजनैतिक पार्टीहरु तथा नागरिक समाजले पनि यस मुद्दामा साथ दिन थालेका छन्।

तर पनि नेपालमा रहेको जटिल भूमि व्यवस्था र अन्यायपूर्ण भूमि वितरणको अवस्थाको अन्त्यका लागि गर्नु धेरै छ। यसका लागि निकै व्यवस्थित, सुझबुझपूर्ण र आफ्नै स्रोतमा आधारित बनाउँदै लानु परेको छ। आन्दोलन सफल बनाउन प्रभावकारी ढंगले आन्दोलन गर्नुपर्दछ र यसमध्येको महत्वपूर्ण आधार आर्थिक स्रोतको व्यवस्थापन हो।

## आन्दोलन कोष के हो ?

भूमि आन्दोलनको सफल संचालन गर्न कोष नै खडा गर्नुपर्ने जरुरी छ। उक्त कोषमा आन्दोलन सफल पार्न धेरथोर स्रोतको आवश्यकता पर्दछ। चन्दा अनुदान लिने प्रवृति कतिसम्म निरन्तर गर्ने ? खाली अरुको सहयोगबाट पाएको उपलब्धीको दिगोपना कतिन्जेलसम्म हुन्छ ? तसर्थ उपलब्धीको दिगोपना कायम गर्न पीडित आफैले आफ्नै पहलबाट स्रोत संकलन गरी कोष खडा गर्नुपर्ने हुन्छ।

हरेक भूमिपीडित किसानहरुले आ-आफ्नो क्षमता अनुसार नियमित नगद वा जिन्सी जम्मा गरेर कोष अभिबृद्धि गर्न सकिन्छ। उदाहरणको लागि हरेक किसानले आ-आफ्नो घरमा सहयोग संकलन गर्ने एउटा भाडो बनाएर नियमित रुपमा भविष्यमा गरिने आफ्नै भूमि आन्दोलनको लागि भनेर दैनिक एक रुपिया र एक मुठी अन्न (धान, चामल, गहुँ, मकै) संकलन गर्न सकिन्छ। यसरी संकलन गरिएको कोष एक निश्चित समयावधि पछि ठुलो कोषमा परिणत हुनसक्छ।

जुन कोषमा हरेक पीडित किसानको अपनत्व हुन्छ। आफ्नै पहलबाट संकलन गरेको कोष भनेर गर्व गर्ने ठाउँ हुन्छ। जब भूमि आन्दोलन गर्ने वेला हुन्छ हरेक भूमिहीन किसानले आफुले जम्मा गरेको कोषको सदुपयोग गरेर आन्दोलनमा उत्रन सक्छन्।

आन्दोलनको लागी कोष खडा गर्ने विभिन्न उपायहरु छन्। जस्तैः अधिकार विहिनहरुले आफ्नो सामर्थ्यको अनुसारको अन्न वा दैनिक रु.१/- कोषको लागी छुट्टयाउने। अर्को पीडितहरुको समुदाय बनाएर सामुहिक रुपमा चन्दा संकलन गर्ने, सामुहिक घौसि, भैलो खेल्ने, साँस्कृतिक कार्यक्रम आयोजना गर्ने, श्रम शिविर संचालन गर्ने, सामुहिक रुपमा अरुको खेतीपातीमा श्रम गरेर केही दिनको पारिश्रमिक जम्मा गर्ने, सार्वजनिक पोखरीमा माछा, हाँस पालन गरेर आय आर्जनमुलक काम बाट भएको आम्दानी प्रति, ऐलानी जग्गामा कसैलाई पसल, खेती गर्न दिएर संकलन गरिने कर आदि कोष संकलन गर्ने विभिन्न विकल्पहरु हुन्।

यसरी सहयोग गर्ने शुभ चिन्तक तथा कामको लिष्ट बनाएर भूमि अधिकारका लागी लागेका अभियानकर्मीहरुले आ-आफनो क्षेत्रबाट आन्दोलन कोष खडा गर्न नितान्त जरुरी भईसकेको छ।

### अन्ततिरको अनुभव

छिमेकी राष्ट्र भारतको एकता परिषदले देशभरीका भूमिहीन किसानहरुको लागि भूमि आन्दोलन गर्न "जनादेश २००७" नाम दिएर ग्वालिएर राज्यदेखि दिल्लीसम्मको पैदल यात्रा, विरोध, धर्ना गर्दै लाखौं भूमिहीन किसान सडकमा उतारेर आ-आफ्नो अधिकार लिने शंखघोष गरिसकेका छन्। जुन जनादेश २००७ को लागि एकता परिषदले कोष संकलन गर्न यही तरिका अपनाएर आज भन्दा दुई वर्षअघि देखि नै सबै किसानहरुले आ-आफ्नो क्षमता अनुसारको रुपैया र अन्न संकलन गरिरहेका छन्। उनीहरुले त्यस्तो प्रयासलाई जनादेश गाग्रो भन्ने गरेका छन्।

भूमि अधिकार जिल्ला तदर्थ समिति सर्लाही र स्थानिय महिला समूहको सक्रियतामा २०६२ माघ महिनामा सर्लाही जिल्लाको सासापुर गा.वि.स.मा ५० जनाको सक्रिय सहभागितामा २ दिन उखु काट्ने काम भयो। उक्त श्रम शिविरबाट रु

### आन्दोलनकोष खडा गर्ने उपाय र विकल्पहरु

आन्दोलनको लागी कोष खडा गर्ने विभिन्न उपायहरु छन्। जस्तैः अधिकार विहिनहरुले आफ्नो सामर्थ्यको अनुसार को अन्न वा दैनिक रु.१/- कोषको लागी छुट्टयाउने। अर्को पीडितहरुको समुदाय बनाएर सामुहिक रुपमा चन्दा संकलन गर्ने, सामुहिक घौसि, भैलो खेल्ने, साँस्कृतिक कार्यक्रम आयोजना गर्ने, श्रम शिविर संचालन गर्ने, सामुहिक रुपमा अरुको खेतीपातीमा श्रम गरेर केही दिनको पारिश्रमिक जम्मा गर्ने, सार्वजनिक पोखरीमा माछा, हाँस पालन गरेर आय आर्जनमुलक काम बाट भएको आम्दानी प्रति, ऐलानी जग्गामा कसैलाई पसल, खेती गर्न दिएर संकलन गरिने कर आदि कोष संकलन गर्ने विभिन्न विकल्पहरु हुन्। यसरी सहयोग गर्ने शुभ चिन्तक तथा कामको लिष्ट बनाएर भूमि अधिकारका लागी लागेका अभियानकर्मीहरुले आ-आफनो क्षेत्रबाट आन्दोलन कोष खडा गर्न नितान्त जरुरी भईसकेको छ।

१०,०००/- (दश हजार रुपैयाँ) संकलन गरिएको थियो । समितिको अनुसार उक्त रकम भूमि अधिकार अभियानको भूमि आन्दोलनको लागि खर्च गरिने छ । यसलाई आन्दोलन कोषको उदाहरणीय शुरुवात मान्न सकिन्छ ।

## कोषको महत्व

धनी मानिसहरुको लागि आन्दोलन कोष खडा गर्न न आर्थिक अभाव पर्छ न त यसको औचित्य नै हुन्छ । यो कोष त्यो वर्गको लागि हो जो अधिकारबाट वञ्चित र पीडित छन । तिनै पीडितहरुले आधा पेट खाएर त्यसैको केही भागबाट बचाएर एकमुठी अन्नदान गरेर संकलन गर्ने कोष हो । यसरी खडा गरेको कोषको औचित्य तिनै पीडितवर्गको लागि ठुलो महत्वपूर्ण हुन्छ ।

यसरी खडा गरेको कोषको सदुपयोगबाट शुरु गरिएको आन्दोलनमा अधिकार विहीनहरुको सक्रिय सहभागिता रहन्छ । उनीहरु दिनरात मेहेनत गरेर जसरी हुन्छ, आन्दोलन सफल पार्न प्रयत्नरत रहन्छन् । यसरी शुरुवात गरिएको आन्दोलनमा सरोकारवालाहरुको सक्रिय सहयोग र सहभागिताबाट आन्दोलन अझ प्रभावकारी हुने देखिन्छ ।

आन्दोलन कोष खडा गर्नुको औचित्य मुख्यरुपमा अधिकारविहीनहरुलाई हक प्राप्ति गर्नको लागि आफ्नै अगुवाईमा आन्दोलन सशक्त पार्ने पहिलो खुडकिलो हो । यस्तो अभ्यासले अन्य निकाय, सरोकारवाला, संघसंस्था तथा नागरिक समाजको सहयोग जुटाउन पनि सहज हुन्छ । आफ्नै पहलबाट शुरु गरिएको अधिकारमुखी आन्दोलनको दियोमा सबै सरोकारवाला संघसंस्थाले एक एक थोपा तेल हालेर उर्जा बढाउन सक्छन् ।

आउनुहोस, हामी भूमि अधिकारबाट बञ्चितहरु भोलीको सुनौलो दिन आउनेछ भन्ने पूर्ण आशाका साथ आजैबाट हामी पनि आ-आफ्नो गच्छेअनुसार रकम र मुठीदान गरेर कोष संकलनको शुरुवात गरौं । अधिकारविहीनहरुको विजय अवश्यम्भावी छ । कामना गरौं अधिकारविहीनहरुको सुनौलो विहानी शीघ्र आउनेछ । ■

## गीत/कविता

### परिवर्तनको वाहक चाहियो

नारी माथि हिंसैहिंसा अनि दवाब पाइयो  
त्यसैले त्यसैले त्यसैले पनि  
यस्तो एउटा परिवर्तनको बाहक चाहियो ।

नारीलाई होच्याउने समाजको बानीले  
हरदम दुःख सहनु पर्छ भन्ने कहानीले  
बन्दी बनायो घर धन्दाको रीतिले  
(कैदी बनायो समाज कै कुरीतिले) २  
त्यसैले त्यसैले त्यसैले नारी  
बनाउनु छ अब हामीले आफ्नै चिनारी ।

घरभित्र घरेलु हिंसा समाजमा सामाजिक हिंसा  
केही गरी अघि बढे नारी कै कदम रोकिन्छ  
कैले सम्म नारी रुने हो  
कैले सम्म पछि हुने हो ।

त्यसैले त्यसैले त्यसैले पनि  
त्यस्तो एउटा परिवर्तनको बाहक चाहियो  
नारीलाई अघि बढाउ, सबको साथ चाहियो

*–निश्चल पाखिन (फुलमाया), अमलेखगन्ज–३ बारा*

### आफ्नो श्रमको उत्पादनले आफ्नै घर भरौं

धर्तिमाता खुशी हुन्छिन किसानको पाइलो पर्दा  
हलो जोती मल विउ पोखी जल सिंचन गर्दा  
घामपानी झरी बादल कुनै पर्वाह छैन  
रातो दिन गर्छन काम दुःख मान्ने हैन ।

बाउ बाजेका पालादेखि साहुको जमिनमा वास  
अर्ठेरो परे महंगो ब्याजमा साहुकै ऋणको आस  
ऋण तिर्न नसकेर आफ्नै जमिन गयो  
बालबच्चाले शिक्षा स्वास्थ्य नपाउने भयो

जमिन जोत्छ किसानले रगत पसिना वगाई  
साहु आउँछ कमाइ लान्छ हप्की दप्की लगाइ  
मान्छे हेर्दा उस्तै देख्छु उसको कपट अर्को  
कहिले फकाइ फुल्याइ गर्छ नमानेर झर्को

जमिन कस्को जोत्ने को हो ? भन्ने नारा लाउने  
जमिन जोत्ने किसानलाई हकमा पाखा लाउने  
अत्याचारी ढोगीहरुको पर्दाफास गरौं  
आफ्नो श्रमको उत्पादनले आफ्नै घर भरौं ।

शोषक वर्ग सामन्तीले शोषण हाम्रो गर्छ  
सर्वहारा श्रमजीवी एकजुट हुनुपर्छ  
उठौं पीडित किसान हो अब मुठ्ठी कसौं  
सामन्तका विरुद्धमा एकजुट भई बसौं ।

*– हरि तिमल्सिना, अभियानकर्ता सिन्धुपाल्चोक*

# भूमि अधिकार आन्दोलनमा साईकल यात्रा

## के हो ?

साईकलमा देश अथवा विश्व भ्रमण गर्ने गरेको समाचार यदाकदा हामी सुन्दै आएका छौं । साईकल लिएर यात्रामा निस्कनेहरुको आ-आफ्ना उद्देश्यहरु हुन्छन् । यी मध्ये धेरैले चाँही विश्व शान्ति र आफु जन्मेको देश चिनाउन यस्ता भ्रमणहरु गरेको बताउँछन् । यी कामलाई सञ्चारमाध्यमले पनि महत्वपूर्ण ठाउँ दिने गरेका छन् । यस्ता यात्राबाहेक निश्चित उद्देश्य प्राप्तिका लागि समुहगत रुपमा साईकल यात्रा गरिन्छ । हाम्रै परिवेशमा हेर्दा भूमि अधिकार आन्दोलन अन्तर्गत बितेका २ बर्षमा भूमि अधिकारका लागि *साईकल यात्रा* भनी ३ क्षेत्रमा ३ पटक यात्राहरु सम्पन्न भएको छ । र यसवर्ष विभिन्न ठाउँमा गर्ने सोचाई र योजनाहरु रहेका छन् । एक ठाउँबाट योजनाबद्ध रुपमा हिंडेका साईकल यात्रीहरुले विभिन्न कार्यक्रमका साथ गाउँबस्ती पार गर्दै गन्तब्यतर्फ पुग्न यो फरक तथा आम शिक्षा तथा सचेतीकरणको एक बिधी हो । यसबाट प्राप्त अनुभवलाई समेटेर भविष्यमा यस्तै यात्रा गर्नका लागि मद्दत होस भनी यहाँ केही कुरा उल्लेख गरिएको छ । यी सिकाई तथा अवलोकनहरु हामी सबैको साझा प्रयासबाट तयार हुन सकेको हो ।

## साईकल यात्रा किन ?

साईकल यात्रा बिभिन्न उद्देश्यहरु लिई गर्न सकिन्छ तर हामी यहाँ भूमि अधिकारका लागि साईकल यात्रामा केन्द्रीत छौ । अगुवा कार्यकर्ता तथा स्वयं पीडितहरुको प्रत्यक्ष सहभागितामा धेरै मानिसहरुसँग सूचना तथा सन्देश पुऱ्याउनका लागि साईकल यात्रा उपयुक्त माध्यम हो । यात्रा अवधीमा साईकल यात्रीहरु टोल बस्तीमा भेटघाट, कोणसभा, संवाद तथा साँस्कृतिक आदि कार्यक्रम गर्दै अघि बढिन्छ । अगुवा कार्यकर्ताहरुका लागि गाउँबस्ती तथा समुदाय तथा स्थानिय सवालसँग परिचय गराउने यो एक अवसर हो । गाउँटोल मै गई गरिने अन्तरक्रिया तथा संवाद कोठामा आयोजना गरिने गोष्ठी तथा छलफल भन्दा बलियो हुन्छ । र, यस्ता छलफल बढी जीवन्त पनि



हुने नै भए । परम्परागत कार्यक्रम भन्दा साईकल यात्रा जस्ता कार्यक्रमले अभियानकर्ता तथा समुदायमा नयाँ जोश र उमगं थप्छ नै । साईकल यात्रालाई बढी उपलब्धीमुलक बनाउनको लागि हरेक यात्राको आफ्नो उद्देश्य किटान गरिएको हुनु पर्दछ ।

**उदाहरणका लागि :**

(१) जोताहामुखी भूमिसुधारको पक्षमा जनमत सृजना गर्ने ।

(२) भूमि अधिकार अभियानले अगाडि ल्याएका अडानको कार्यान्वयनको लागि दवाव सृजना गर्ने ।

(३) शान्ति र लोकतन्त्रको पक्षमा आवाज उठाउने ।

(४) भूमिअधिकार अभियानलाई एकिकृत गर्नाको साथै अभियानकर्ताको विकास गर्ने ।

## कसरी ?

साईकल यात्रा प्रभावकारी बनाउनका लागि यससँग सम्बन्धित विविध पक्षहरुका बारेमा ध्यान दिनु जरुरी छ ।

**(क) यात्री संख्या :** साईकल यात्रीको संख्या ठिक्कको हुनु पर्दछ । ठिक्क भनेको कम्तिमा २५ र बढिमा ३० सम्मको संख्या हो । तर एक गाउँबाट अर्को गाउँसम्म पुग्नको लागि अन्य केही मान्छेले साईकल यात्रीको रुपमा बिचमा साथ दिन पनि सक्दछन् । खान बस्न तथा अन्य ब्यवहारिक कठिनाईले गर्दा प्रतिबद्ध उल्लेखित संख्यालाई उपयुक्त मानिन्छ । साईकल यात्रीको चौथाई संख्या (साईकल यात्री बाहेकका) जहिले पनि साईकल यात्रीको लामबद्ध हिडाई तथा अन्य व्यवस्थापनमा खटिनुपर्दछ । साईकल यात्रामा महिला र पुरुष अभियानकर्ताको समान सहभागिता हुनुपर्दछ । साईकल यात्रीहरु सकभर शुरुदेखि अन्तिम यात्रा स्थानसम्म साइकल चलाउन प्रतिवद्द भएको हुनुपर्दछ । विचविचमा हिड्ने कुराले उर्जा दिदैंन । र यसले यात्रीस्वयंलाई गौरब गर्ने ठाउँ कम रहन्छ ।

**(ख) यात्राको रुट तथा दुरी :** १ दिनमा २५ किलोमिटर भन्दा बढी यात्रादुरी राख्नु हुदैंन । साईकल यात्राको बाटो बस्तीलाई केन्द्रमा राखेर तय गर्नुपर्दछ । यस्तो दुरी तय गर्दा बीचमा पर्ने गाउँ, बाटोको अवस्था, व्यवस्थापन आदिलाई पनि ध्यान दिनुपर्दछ । साईकल यात्राको उद्देश्य बाटो धेरै पार गर्ने नभई, धेरै समुदायलाई आन्दोलनमा समावेश गराउने हो ।

**(ग) साईकल मर्मत** : एक पटकको साईकल यात्रा पाँच दिनका लागि हुनु उपयुक्त देखिन्छ । लामो दुरीमा साईकल चलाउँदा धेरै साईकल बिग्रन्छन । तुरुन्त मर्मत गर्न सकिने व्यवस्था नभएमा यसले साईकल यात्रालाई नै अप्रभावकारी बनाउँछ । साईकल बनाउन बढी समय कुर्नु पर्दा योजना गरिएको ठाउँमा समयमा पुग्न नसकी तालिका मै गडबडी हुन्छ । त्यसैले साईकल यात्रीमा १, २ जना साईकल मर्मत गर्न जान्ने हुँदा राम्रो हुन्छ । र, साईकल बनाउने सामाग्रीहरु पनि यात्रीको साथै हुनु पर्दछ । हरेक साईकल यात्री आफ्नो साईकल मजबुत बनाएर यात्रामा जानुपर्दछ । नत्र उ साथीबाट छुट्छ ।

## व्यवस्थापन :

**(क) यात्रीले बोक्नु पर्ने कुराहरु** : गाउँ बस्तीहरुमा बास बस्नु पर्ने र अक्सर यस्तो बसाई पीडित समुदायमा हुने हुँदा उनीहरुले यात्रीका लागि बस्ने बन्दोबस्त गर्न नसक्न पनि सक्छन । त्यसैले साईकल यात्रीले आफ्नो लागि खाने थाल, ओड्ने पछ्यौरा र आफ्नो लागि सधैं प्रयोग गर्ने कुनै सामाग्री (जस्तो : औषधी, रुमाल, एकसरो झोलामा बोक्नुपर्दछ । भएसम्म टर्च लाईट बोक्दा बढी सुरक्षित भईन्छ ।

**(ख) र्‍यालीको साजसज्जा** : साईकल र्‍यालीको प्रभावकारिता केही हदसम्म यसको साजसज्जा तथा व्यवस्थापनले पनि असर पार्दछ । लाईनमा समान दुरीमा एकै गतीमा हिडेका पडतीबद्ध साईकल हेर्नुको मजै बेग्लै हुन्छ । साईकलमा एक एकवटा प्ले कार्ड अथवा संगठनको झण्डा बाँध्ने तथा यात्रीहरुले ब्यानर लगाउँदा र्‍यालीको शोभा बढाउँदछ । यसले बाटोमा हिडेका अन्य साईकल भन्दा फरक पहिचान देखाउँदछ ।

**(ग) यात्रा अवधीमा गरिने कार्यक्रम** : दिनमा ५ वटा (समुदाय हेरेर) कोणसभा निश्चित गर्नुपर्दछ । यस्तो कोणसभामा बोल्ने बक्ताहरु साईकल यात्राको टोलीबाट कसलाई र समुदायबाट क-कसलाई बोल्न दिने त्यसको निश्चित गरिनुपर्दछ । कोणसभा जुन समुदायमा सहभागिता हुन्छ, त्यहाँकै व्यक्तिले यात्रीलाई स्वागत गर्दा थकीत यात्री उत्साहित हुन्छन । कोण सभामा संगठनको तर्फबाट समस्या, अडान र कामको योजनाको घोषणा गर्नुपर्दछ ।

**कार्यक्रम**

- कोण सभा
- सास्कृतिक कार्यक्रम
- नारा जुलुसद्वारा गाउँ परिक्रमा
- सगठन बैठकबाँड्ने वकालतका सामाग्रीहरु पनि तयार गर्नुपर्दछ

**(ग) अभिलेखन** : यात्राको अभिलेखन मिहीन रुपमा गर्नु पर्दछ । अहिलेसम्म हाम्रा कामको अभिलेखन काम जस्तो राम्रो हुन सकेको छैन । यसका लागि यात्रा टोलीमा एकजना पत्रकार हुँदा पनि राम्रो हुन्छ । त्यसो नभए पनि यात्रा टोलीमा एक जना अभिलेखनको जिम्मा लिएको अभिलेखकर्ता हुनुपर्दछ । यस्तो अभिलेखन होस्, यात्राको अन्त्यमा त्यसलाई प्रकाशनको रुपमा निकाल्न सकियोस् । यात्रा टोली आउने अवधीमा सम्बन्धित ठाउँको संगठनले कुनै कार्यक्रमको आयोजना गर्नु पर्दछ । यस अवसरमा स्थानिय संगठनले साईकल यात्री तथा अन्य समुदाय समक्ष आफ्ना कार्यक्रम र भावी योजना घोषणा गर्ने काम अवसरको रुपमा पनि लिनु पर्दछ । यो संगठनको प्रतिवद्दता लिने मौका पनि हो । प्रत्येक साईकल यात्रीले आफ्नो डायरी पनि लेख्नुपर्दछ ।

*यात्राको अभिलेखन मिहीन रूपमा गर्नु पर्दछ । अहिलेसम्म हाम्रा कामको अभिलेखन काम जस्तो राम्रो हुन सकेको छैन । यसका लागि यात्रा टोलीमा एकजना पत्रकार हुँदा पनि राम्रो हुन्छ । त्यसो नभए पनि यात्रा टोलीमा एक जना अभिलेखनको जिम्मा लिएको अभिलेखकर्ता हुनुपर्दछ । यस्तो अभिलेखन होस्, यात्राको अन्त्यमा त्यसलाई प्रकाशनको रूपमा निकाल्न सकियोस् । यात्रा टोली आउने अवधीमा सम्बन्धित ठाउँको संगठनले कुनै कार्यक्रमको आयोजना गर्नु पर्दछ ।*

## प्रक्रिया

साईकल यात्रालाई प्रभाबकारी बनाउनका लागि यसको तयारी पक्ष देखि सम्पन्न भए पछिसम्मको कामलाई ब्यवस्थित गर्ने तथा यसलाई शैलीबद्ध गर्नु आवश्यक छ । साईकल यात्राका लागि प्रक्रियाबद्ध रुपमा कामलाई श्रेणीबद्ध तल दिईएका बुँदाहरुमा रही गर्न सकिन्छ ।

- **अभिमुखीकरण** : साईकल यात्रा गर्ने निर्णय भएपछि साईकल यात्रीहरुलाई एक दिने छलफल गराईनु पर्दछ । साईकल यात्रा किन, कहाँ, कहिले आदि कुराहरुका बारेमा टुङ्गो लगाउनु पर्दछ । यसै अवसरमा हरेकको जिम्मेबारी, उनीहरुले ध्यान दिनुपर्ने कुरा, टोली नेता, अनुशासन, हासिल गर्न खोजेको परिणाम, व्यवस्थापन आदि बारेमा कुराकानी गरिनुपर्दछ । यो भएन भने भद्रगोल हुन्छ । यसै अवसरमा लिखित, सरल, स्थानीय र उद्देश्यसँग मिल्ने नाराहरु निर्माण गरिनुपर्दछ । अभिमुखीकरण तथा योजना तयारीको कम्तिमा पनि ३ महीना पछि कार्यक्रम गर्नुपर्दछ । बीचको समयमा यात्राको कुरालाई समुह समुहमा छलफल गरी ब्यापक प्रचारप्रसार गर्नु पर्दछ ।
- **योजना निर्माण** : माथीको छलफलको आधारमा रही कामलाई सम्पन्न गर्नको लागि तल वा यस्तै विवरण खुल्ने गरी यात्रा अवधीको योजना बनाउनु पर्दछ । फेरबदल हुन्छ भनेर योजना नै बनाउन आलटाल गर्नु उचित हुँदैन ।

### यात्रा समय तालिका

| गते | कार्यक्रम | कार्यक्रमका लागि लाग्ने अवधी | स्थान | कैफियत |
|---|---|---|---|---|
| | | | | |

### कामको तालिका

पुरै दिनको योजना, जिम्मेवारी बाँडफाँड (खाना, सुत्ने प्रबन्ध, गाडी, कोणसभा गर्ने ठाउँ, बक्ता, सवाल) आदिमा माथीको तालिका अनुसार गरिने योजनाले प्रष्ट

यात्रा र कार्यक्रममा नै पनि विभिन्न प्रतिरोधात्मक र अरुको ध्यान खिच्ने भिन्न पाराको र रचनात्मक गर्नुपर्दछ ।

- स्कुल, बाटो, आदिको मर्मत तथा सरसफाई
- संगठन निर्माण
- अभियानकर्ता, अगुवा आदिको अभिनन्दन
- अधिकारबाट बञ्चित र अधिकार हननकताविच छलफल, सम्वाद र समस्याको छिनोफानो
- ऐलानी जग्गाको उपयोग
- सामूहिक खेतीको शुरुवात(उद्घाटन)
- भपाई लिने
- खोसेको जग्गा फिर्ता लिने, दिने
- चर्को व्याज र कुत मिनाहा तथा घटाउने
- भूमि सम्बन्धी भएका झैझगडा, सामुदायिक विवाद आदि मिलाउने ।
- समाजमा भएका अन्यायपूर्ण घटनाका विरुद्दमा काम
- बस्तिलाई सुरक्षित स्थानमा सार्ने ।
- जमिन्दारले जग्गा कब्जा गरेकोमा खोस्ने
- गुठीको हिसाव प्रस्तुत गर्न लगाउने ।
- सामुदायिक बनमा पहुँच बढाउने
- संगठनहरुमा समावेश गराउने
- विकास योजनामा भूमिहिन, मोही आदिलाई केन्द्र भागमा राख्न दबाव दिने
- ज्याला तोक्ने
- योजना घोषणा गर्ने
- अन्यायको विरुद्द धावा बोल्ने
- अति गरिब, असाहाय परिवारलाई सहयोग गर्ने ( शारिरीक)
- विभिन्न ठाउँमा विज्ञप्ति बुझाउने र समचार, लेख, अन्तवार्ता आदिको माध्यमबाट आम बहशमा ल्याउनु पर्दछ ।

देखाउनु पर्दछ । र, यस्तो जिम्मेवारी सम्बन्धित संगठनलाई नै दिँदा राम्रो हुन्छ । योजनाको कार्यान्वयनका लागि एउटा संयोजन समिति नै बनाउनु पनि हुन्छ ।

| काम | कहिले | कहां | समय | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |

- वर्तमान द्वन्द्वको अवस्थामा यात्राको बिवरणको जानकारी सम्बन्धित सुरक्षा निकाय एवं पत्रकारहरुलाई दिनुपर्दछ । यसो नगर्दा अनाबश्यक झन्झट बेहोर्नु पर्दछ ।
- साईकल यात्राको अबधीमा बितरण गर्ने अध्ययन सामाग्रीहरुको तयारी गर्नु आवश्यक छ । यो अवसरमा धेरै मानिसहरु समक्ष पुगिने हुनाले सामाग्रीहरुको बितरण गरिदा लक्षित समुदायसम्म पुग्दछ ।
- साईकल यात्रीको नाम, ठेगाना, उमेर र हस्ताक्षर सहितको विवरण पहिले नै तयार पार्नुपर्दछ । दैनिक हांजीरीले कतिले बीचमा छोडे अथवा कहां गए आदि कुराको अनुगमन गर्न सकिन्छ ।

**साईकल यात्राको अवधीमा अनुभव गरेका कुराहरुलाई समेट्दै तथा जिल्लाका सवालहरुलाई समेत समाबेश गरी भूमिसुधार, मालपोत, सि.डि.ओ. कार्यालयमा विज्ञप्ती बुझाई आफ्ना भनाईहरु राख्नु पर्दछ ।**

- यात्राको बारेमा धेरै संघसंस्था, निकाय र व्यक्तिको नैतिक, आर्थिक र अन्य खाले सहयोग बढी भन्दा बढी लिन विभिन्न किसिमका समन्वय र छलफल गर्नुपर्दछ । कार्यक्रममा धेरै भन्दा धेरैको सहभागिता जुटाउन प्रयास गर्नुपर्दछ । अभियानमा सघाउने हरेक स्थानका हरेकको तुरुन्तै कदर गर्नुपर्दछ ।
- यात्रा अवधीमा आत्म निर्भरताको प्रयासस्वरुप चन्दा संकलनको काम गर्नु पर्दछ ।
- यात्राको क्रममा नै गर्न सकिने रचनात्मक कामहरु

  समुदायमा गरिएको बाचाको टिपोट गर्नुपर्दछ । हामीले काम (एक्सन) मा जोड दिनुपर्दछ ।
- यात्राको प्रत्येक दिन समिक्षा गर्नुपर्दछ ।
- साईकल यात्रा एक अभियान पनि भएकोले यसलाई उमगं, उत्सवको रुपमा लिएको हुनु पर्दछ । साईकल यात्रामा संलग्न तथा समुदायहरु मिलेर तुरुन्त गर्न सकिने सामाजिक सेवाका काम गर्नु पर्दछ । यस अवसरमा गर्न सकिने कामहरुमा जग्गाका स्थानिय किचलो मिलाउनेदेखि बाटो सुधारको कामसम्म गर्न सकिन्छ । कुत भरपाइ बिवाद, ऐलानी जग्गा हडप्ने तथा अन्य रचनात्मक कामका बारेमा पनि योजना गर्न सकिन्छ ।
- संभव भएसम्म साईकल यात्राको अवधीमा अनुभव गरेका कुराहरुलाई समेट्दै तथा जिल्लाका सवालहरुलाई समेत समाबेश गरी भूमिसुधार, मालपोत, सि.डि.ओ. कार्यालयमा विज्ञप्ती बुझाई आफ्ना भनाईहरु राख्नु पर्दछ । यी कार्यालयका जिम्मेबार ब्यक्तिलाई अतिथीको रुपमा बोलाई जिल्ला सदरमुकाममा कोण सभा गर्दा राम्रो हुन्छ । यसका लागि पूर्व तयारी तथा अभिलेखन राम्रो हुनु पर्दछ । सडकमा नै पत्रकार सम्मेलन गर्नुपर्दछ ।
- यात्रा सम्पन्न भईसकेपछि पनि त्यसको समीक्षा र पूनरावलोकन कार्यक्रम पनि चाहिन्छ ।

*(यो खाका शिबिर, पैदल यात्रा, १ महिने अभियान, गाउँ जाउँ जस्ता अभियानमा पनि काम लाग्छ ।)* ■

# जापानमा भूमिसुधार

जापानमा भूमिसुधार विषयक अन्तरक्रिया (१६ मार्च, २००६) नेपाल वातावरण पत्रकार समूहको हलमा सम्पन्न भयो । विषय प्रस्तोता जापानी संस्था साप्लानियरका निर्देशक कोमात्सु तोयोकी थिए । उनी ३ वर्षदेखि नेपालमा संस्थाका निर्देशकका रुपमा रहेका छन् । बिगत ३५ बर्षदेखि नेपालमा काम गर्दैआएको साप्लानियरले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग जनताको भूमि ऐन बनाउने कामको लागि सहयोग उपलब्ध गराएको छ ।

कृषिसुधारको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा नेपालको जस्तै जापानमा पनि भूमि स्रोतमा असमानता छ । मोही र जग्गाधनीका बीच तनाब र शोषण पनि छ नै । त्यसैगरी विभिन्न समयमा आन्दोलन पनि भएका रहेछन । कुत धेरै तिर्नु परेको तथा कृषि उत्पादनको चर्को ब्यापारीकरणलाई लिएर आन्दोलन भएको रहेछ । सरकारका सबै प्रयास सफल छैनन् । अधुरा प्रयासहरु पनि छन् ।


दोश्रो बिश्वयुद्धको हारसँगै जापानमा कृषिको सुधारको काम अघी बढेको हो । त्यतिबेला युद्ध जित्नेहरुको टोलीले कृषिसुधारका लागि सरकारलाई दबाव दिएका थिए । सन् १९४५ मा Farm land Reform Plan बनाईयो । युद्ध जित्नेहरुले त्यहाँको भोकमरी र कृषकले बिद्रोह गर्न सक्ने दुबै कुराको समाधान खोज्न यसो गरिएको थियो । कृषि सहकारी तथा भूमिपतिको जग्गा मोहीलाई दिने कुरा यही योजना अनुसार ल्याईयो । भूमिपतिले यसको बिरोध गरे । मोहीबाट जग्गा खोसेर अरुलाई बेच्ने काम पनि उनीहरुले गरे । तर यही कुरालाई लिएर सन् १९४७ मा किसानहरुले संगठनको निर्माण गरे । भूमिपतिहरुका बिरोधका कारण सरकारी योजना सफल नभएपछि यसलाई संशोधन गरेर दोश्रो योजना ल्याईयो ।

अनुपस्थित भूमिपतिहरुको जग्गा सरकारले किन्यो तर सस्तो मोलमा र जग्गाको हदबन्दी १ हेक्टर (साढे एक बिगाहा) तोकियो । यसबेला जग्गाको कारोबारलाई ठप्प पारियो अन्यथा जग्गा लुकाउने वा यताउता गर्न सक्ने प्रशस्त अनियमितता हुन सक्थ्यो । यो काम स्थानिय निकायले गर्दथ्यो । कृषि क्षेत्र समिती (Farm land commttee) मा ५ जना जोताहा कृषक, २ जना भूमिपति र ३ जना साधारण कृषक गरी १० जना रहने ब्यवस्था गरिएको थियो । यी सदस्यहरुको चयन चुनावद्धारा हुन्थ्यो । यो समितीले जग्गाको सर्बेक्षण, जग्गा किनबेचको योजना तथा जग्गा दर्ताको काम गर्दथ्यो । यो समितीले समुदायको सदस्यहरुको पर्याप्त सहयोग पाए । समितीमा बसेपछि धेरै काम गर्नु पर्ने र आफ्नो काम गर्न नभ्याईने हुन्छ नै । यस अवस्थामा समुदायले दिनभरी आफ्नो काम भ्याएर बेलुकी उनीहरुको काम गरिदिन्थे । हामी कहाँ केही परम्परागत नेतृत्व दिनेहरुकोमा समुदायले यस्तो सहयोग दिने भएता पनि आमरुपमा परिवर्तनका लागि काम गर्नेहरुलाई यसो गरी सहयोग गरिदिने चलन छैन ।

भूमिसुधारका लागि स्थानिय समुदायबाट

***कृषि क्षेत्र समिती मा ५ जना जोताहा कृषक, २ जना भूमिपति र ३ जना साधारण कृषक गरी १० जना रहने ब्यवस्था गरिएको थियो । यी सदस्यहरुको चयन चुनावद्धारा हुन्थ्यो । यो समितीले जग्गाको सर्बेक्षण, जग्गा किनबेचको योजना तथा जग्गा दर्ताको काम गर्दथ्यो ।***

सबै बर्गलाई मिलाएर अधिकार सहित बनाईएको र समुदायबाट पनि सहयोग पाएको विषय हाम्रो लागि निकै नै उपयोगी थियो । यो समितीले जग्गा कहिले काहीँ त भूमिपतिबाट जग्गा खोस्ने काम पनि गऱ्यो । तर अधिकांश अवस्थामा भने जग्गा किनियो र भूमिहीनलाई किन्न लगाईयो । यस कामबाट देखिने गरी केही उपलब्धी भए । २० लाख हेक्टर जग्गा जुन देशकै ३९ प्रतिशत खेतीयोग्य जग्गा हुन्छ, यो जग्गा २५ लाख भूमिपतिबाट किनियो । यसरी किनेको जग्गा ४२ लाख कृषक परिवारलाई किन्न लगाईयो । बिक्री मुल्य कम बनाईएको थियो । यसो गर्दा ४५.९ प्रतिशत मोही घटेर ८.३



प्रतिशतमा झरे । अनुपस्थित जमीनदारी प्रथा घट्यो । यति धेरै घर परिवारबाट जग्गा लिई यतिका धेरै परिवारसम्म पुऱ्याउने काम ठुलो हो तर स्थानिय निकायको परिचालनबाट यो काम संभव हुन सकेको भन्ने लाग्छ ।

जापानमा पनि जैविक खेतीपातीको अभ्यास छ । सामूहिक खेतीमा भने त्यती अभ्यास भईसकेको छैन । यहाँ पनि दलितहरु छन् तर उनीहरु आफ्नै पेशा गर्छन, खेतीपाती गर्दैनन् । उनले आफ्नो प्रस्तुतीकरण केही सवाल अगाडी राखेर टुङग्याए । उनका अनुसार यसरी गरिएको सुधार बन, चरन तथा अन्य क्षेत्रमा गरिएको छैन । उनी यो सबै परिवर्तन जापानीहरुको युद्ध भन्दा अगाडि थालेको नियमित प्रक्रियाको उपज हो या युद्धको हारसंगै जित्ने देशहरुले दिएको दबावले हो भन्ने कुरामा पक्का छैनन । वर्तमान औद्योगीकरणको युगमा जापानका स-साना कृषि क्षेत्र ओगटेर बसेका कृषकहरुले प्रतिस्पर्धा गर्न सकेका छैनन् । उद्योग र कृषि बीच ठुलो खाडल देखा परेको छ । थोरै कृषि क्षेत्रले बाँच्न गाह्रो परिरहेको छ ।

हामीले नेपालमा पनि जमिनको पुनर्वितरणको साथमा जमिन्दारको संख्या कसरी घटाउने, कुतलाई कसरी कम गर्न सकिन्छ, ज्याला कसरी उचित कायम गराउने जस्ता कामपनि साथसाथै गर्नुपर्दछ । हामीले न्युनतम र अधिकतम हदबन्दी कायम गर्नुपर्दछ । र यस्तो हदबन्दी तोक्दा यसको उद्देश्य प्रष्ट हुनुपर्दछ । हामीले किसानहरुको समाजलाई स्थापित गराउँदै न्यायमुखी उत्पादन प्रक्रियालाई अगाडि बढाउन खोजेको हो भने, हदबन्दी निकै कम गर्नुपर्दछ । जापानमा ३० कठ्ठाको हदबन्दी रहेको छ । जापानको फार्म ल्याण्ड कमिटीले जग्गाको सबै व्यवस्थापन र निर्णय लिने कुरा निकै नै उपयोगी छ । हामी कहाँ पनि अहिलेका भूमि अधिकारबाट बञ्चितहरुको संगठनले गर्न सकिने यस्ता कामहरु शुरुवात गर्न सकिन्छ । ■

# भूमिहीनद्धारा ३ सय बिगाहा जमिनमा जोतभोग


गाउँका सामन्तहरुको बिरोध गर्न नसक्ने अवस्थाका बाँकेका भूमि विहीनहरुले राजाका अधिकार कटौती भएकै दिन जमिनदारको नियन्त्रणमा रहेको ३ सय बिगाहा ऐलानी जमिन कब्जा गरेका छन् । वनकट्टी गा.वि.स. वडायरु नं. ७ र ८ को ऐलानी जग्गा भूमिहीनहरुले पहिलो पटक २०६२ जेष्ठ ५ गते कब्जा गरेको सार्वजनिक घोषणा गरेका थिए । जेष्ठ ५ देखि २९ गते सम्म लगातार करिव १ सय ५० भूमिहीन घरपरिवारले खनजोत गरी उक्त जग्गामा सामुहिक खेती गरेका छन् । घरमा बिहान खाए बेलुकी छाक टार्न धौ-धौ पर्ने उक्त ठाँउका भूमिहीनहरुले अरहर, मकै, धान र तिलको बिउ किनेर छरेका हुन् । अधिकांश भूमिहीनहरुले भोकभोकै परिश्रम गरी उक्त जग्गामा सामुहिक खेती गरेको कुरा स्थानिय मोहम्मद रफिक बताउँछन् ।

प्रशासनिक धाक देखाएर जमिन्दारहरुले बनकटट्टी गाबिस वडा नं ७, ८ र ९ मा रहेको ३ सय ५० बिगाहा ऐलानी जमिनमा खेती गर्दैआएका थिए । जमिन्दारले आफुहरुलाई सरकारी जग्गामा काम लगाएको सरकारी जग्गा जोतभोग गर्दैआएको थाहा पाएपछि जग्गा कब्जा अभियानमा उत्रेका थिए । जग्गा कब्जा गर्न उनीहरु हलगोरु र कुटो, कोदालो, हसिया सहित पुगेका थिए । यस कार्यमा जानेहरुमा मधेशी समुदायका महिला र बृद्धहरु, बालबालिका समेत संलग्न थिए । पुस्तौदेखि भूमिबिहीन उनीहरु पहिलो पल्ट जमिनदारको नियन्त्रणको जग्गा जोत्न पाउँदा निकै भावुक देखिन्थे ।

आफ्नो पुस्ताको जमिन खोसिएका भूमिहीनहरुले सामुहिक खेती गर्न पाएको खुशीयालीमा भूमिहीनहरुले विजय उत्सव मनाए । जमिनदारहरुको नियन्त्रणमा रहेको उक्त ३ सय बिगाहा जमिनमा धान, मकै, अरहर र तिल छरेका किसानहरुले खेतमै ब्याण्डबाजाका साथ नाचगान गरे, केहीले भजन कृतन गरे । भोकभोकै खेती गरेका उनीहरुले यो उत्सवमा खेतमै गाउँलेहरुलाई बोलाएर हलुवा पुरी पकाएर बाँडे ।

सामुहिक खेती गरेको ठाउँमा जमिनदारहरुले गाइबस्तु चराइदिने, अनेक धम्की दिने जस्ता कार्य गरेका छन् तर स्थानियबासीहरुले जमिन्दारलाई जग्गा नम्बरी भएमा प्रमाण सहित दावी गर्न र वास्तविक भूमिहीनहरुलाई सहयोग गर्न सबै राजनैतिक दलका नेताहरुलाई आग्रह गरेका छन् । स्थानीय शिक्षक भण्डारीलाल यादवले भूमिबिहीनलाई अधिकारका लागि उठन आग्रह गर्दै भने यस्तो जागरण यहाँ कहिल्यै आएन । खेतका फाँटमा गाउँलेहरुले अधिकारका लागि नारा लगाउने आँट गरेको पहिलो पल्ट भएको बताउनुभयो । पुस्तौदेखि जमिनदारको थिचोमिचोमा बसेका ७० बर्षिय आसिक अलीले भने अब गरिबको दिन आउछ जस्तो लागेको बताए । यसअघि जग्गा कब्जा गर्दा जमिन्दारबाट लखेटिएका ६० देखि ८० बर्षका बृद्धहरुले पनि खुसीका आसु झारेका थिए । खान नपुगे पनि बिपत्तीमा अनाज बेचेर औषधी उपचार गर्न पाईन्छ की भन्ने आशा पलायो, ८० बर्षीय रम्जान अलीले भने ।

यस अभियानलाई सफल बनाउन र सामुहिक खेती गर्दा प्रति घरपरिवारले कति दिन श्रम गर्ने र कसले के को बीउ छर्ने जस्ता सम्पूर्ण कामको योजना तयार गर्न भूमि अभियानकर्ता शिव पासीले सहयोग गरेका छन् भने आन्दोलनको अगुवाई गा.वि.स. समन्वय समिति तथा जिल्ला मोही सगठनका अध्यक्ष छिटु कोरीले गरेको छन् । ■



# हलिया जागरणका लागि ८ दिने पैदल यात्रा सम्पन्न

'जमिन प्राप्ति हलिया मुक्ति नाराका साथ जिल्ला दलित नेटवर्क बैतडी र डडेल्धुराले ८ दिने हलिया जागरण पैदल यात्रा गरेका छन्। असार १ देखि शुरु भएको यात्रा ७ दिन आआफ्ना जिल्लामा भएको थियो भने समापन संयुक्त रुपमा डडेल्धुरा र बैतडीको सीमानामा पर्ने खोडपेमा गरिएको थियो। बैतडीका ३५ र डडेल्धुराका २० गरी ५५ जनाले नियमित पैदल यात्रा गरेका छन्। पैदल यात्रामा पीडित दलित हलिया किसान, पत्रकार र समाजसेवीहरुको सहभागीता थियो।

डडेल्धुराका पैदलयात्रीले जिल्लाको ७ गाविस र नगरपालिकाको २ वडाको यात्रा गरेका थिए। यात्रा क्रममा प्रत्येक गाविसमा भूमिपीडित र भूमिपतिबीच छलफल चलाइएको थियो। भूमिपीडितहरुलाई जमिन्दारहरुले सताइआएको बताएका छन् भने असिग्राम गाविसका जमिन्दार पदमबहादुर देउवा, धनबहादुर देउवा, हेमवहादगासुर देउवा लगायतले पीडितहरुले कमाइरहेको जमिन दिने र मालपोत कार्यालयमा लाग्ने शुल्क भने आफै जुटाउनुपर्ने बताएका छन्। त्यसैगरी कैपालमाण्डौ, मष्टमाण्डौ, नवदुर्गा, मणिलेख, कोटेली गाविसका भूमिपीडितहरु अधिकारका लागि एकजुट हुने र जमिनदारहरुले पनि दलित हलियाहरुलाई अधिकारका लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। यात्रा गरिएका गाविसहरुमा दलितको अवस्था र मोटामोटी तथ्याकं संकलन गरिएको थियो।



त्यसैगरी बैतडीका यात्रीहरुले जिल्लाको ५ गाविस र नगरपालिकाको १ वडाको यात्रा गरेका छन्। यात्रामा सांगीतिक टोली दियालो परिवारले साथ दिएको थियो। लोकतन्त्रको स्थापनापछि पनि दलित, भूमिहीन, हलियाहरुको अवस्था ज्यूँ का त्यूँ रहेको जस्ता समस्यालाई लिएर दियालो परिवारले यात्रा गरिएको स्थानमा लोकतान्त्रिक नाटक प्रस्तुती गरेको थियो। अधिकारमुखी नाटक, गीतबाट हलिया, भूमिहीन, दलितहरु एक हुनुपर्ने सन्देश दिएको छ। क्रान्तिकारी भूमिसुधारको माग सहित संविधानसभाको निर्वाचनबाट बन्ने नयाँ संविधानमा दलितहरुको विशेष हिस्सेदारीको लागि दवाब र लोकतान्त्रिक गणतन्त्रका लागि जनमत सिर्जना गर्न हस्ताक्षर संकलन गरिएको छ भने जातीय छुवाछुत, हली, डोली, खली, सिनो खाने जस्ता घृणित प्रथाहरुको लोकतान्त्रिक स्थापनासँगै अन्त्य भएको घोषणा गरिएको छ।

पैदलयात्राको अन्तिम दिन दुबै टोली डडेल्धुरा र बैतडी जिल्लाको सिमाना खोड्पेमा आई सभामा परिणत भई समापन गरिएको थियो। राष्ट्रिय दलित नेटवर्क डडेल्धुरा शाखाकी अध्यक्ष ज्ञानु गैरीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न व्यक्तित्वहरुले विचार राख्नुभएको थियो। कार्यक्रमका प्रमुख अथिति राष्ट्रिय हलिया अधिकार मंचका अध्यक्ष डम्बर टमटाले जनताको जीतबाट स्थापना भएको लोकतान्त्रिक राज्यले हलिया प्रथाको अन्त्य गरी हलियाहरुको पुनस्थापना गर्नुपर्ने र हलियाहरुको वास्तविक तथ्य संकलन र कार्यान्वयनका लागि राष्ट्रियस्तरमा हलिया आयोग गठन गरिनुपर्नेमा जोड दिनुभयो। अन्य बक्ताहरुले जनआन्दोलनको उपलब्धीको रुपमा स्थापित लोकतान्त्रिक सरकारले गर्ने घोषणाहरु घोषणामा मात्रै सीमित नराखिकन जनताका आवाजहरुलाई बुलन्द हुने खालका कार्यक्रमहरु गाउँस्तरसम्म पनि पुऱ्याउनुपर्ने र घोषणाको कार्यान्वयन गर्नका लागि पीडित सहितको प्रतिनिधीत्व गराई आयोगहरु गठन गर्नपर्नेमा जोड दिएका छन्। पैदल यात्राले भूमि पीडित, हलिया, दलित, सुकुम्बासीहरुसँग भएको प्रत्यक्ष भेटघाट र छलफलले उनीहरुमा जातीय छुवाछुतको अन्त्य गर्न, अधिकारका लागि एकजुट हुन प्रेरित गरेको छ। ■

## भीमदत्त पन्त स्मृति दिवस

भूमि अधिकारबारे ऱ्याली तथा कोणसभा गरी साउन १७ मा ५३ औ भिमदत्त स्मृति दिवस मनाईएको छ। जिल्ला दलित नेटवर्क डडेल्धुराले संयोजन गरेको उक्त कार्यक्रममा हलिया, दलित, भूमिहीन, महिला, पत्रकार, सामाजिक संघसंस्थाका व्यक्तिहरुको सहभागिता थियो।

कार्यक्रममा विभिन्न वक्ताहरुले आफ्नो कुरा राखेका थिए। मोही पीडित जागि लुहारले गरिब दलित भएका कारण जमिनमा हक नभएको तर धनीका कुकुर विरालाको नाममा समेत जग्गा भएको बताउनुभयो। दलित अभियानकर्मी निरा जैरुले दलितहरुलाई आरक्षण भीखको रुपमा नभई क्षतिपुर्तिको रुपमा दिनुपर्ने बिचार राख्नुभयो।

सरकारले कुखुरा बाखा नभएर भूमिको व्यवस्था गरिदिनुपर्ने पीडित हीरादेवी पल्लेले भन्नुभयो। विभिन्न संघसंस्थाहरुले दलित, भूमिहीन र गरिबहरुलाई मागी खाने भाडा बनाएका छन् उनीहरुलाई स्थापित गर्न छुवाछुतको अन्त्य र हलिया मुक्ति र भूमि अधिकारबारे सरकार सचेत हुनुपर्ने एमाले कार्यकर्ता नरबहादुर विष्टले बताएका छन्। हलिया नेता डम्बर टमटाले सामन्तीहरुले दलितहरुलाई झुटो तमसुक बनाई शोषण गर्ने गरेका छन्। त्यसैले हामीले अधिकारका लागि आन्दोलन गर्न तयार हुनुपर्ने बताउनुभयो। ■

# गाउँब्लक जग्गा नापी गर्ने सहमती

देशभरको गाउँब्लक जग्गा नापजाँचको समस्या समाधानको लागि तुरुन्त कार्य थाल्न माग गर्दै राष्ट्रिय गाउँब्लक भूमि अधिकार संगठन, नेपालको एक प्रतिनिधि मण्डलले उपप्रधान तथा परराष्ट्रमन्त्री खड्ग प्रसाद ओली, भूमिसुधार तथा व्यवस्था मन्त्री प्रभु नारायण चौधरी, प्रतिनिधिसभा प्राकृतिक स्रोत तथा साधन समितीका अध्यक्ष प्रकाश ज्वाला र समितिका सदस्यहरु, नेपाली काँग्रेसका महामन्त्री रामचन्द्र पौडेललाई भेट गर्‍यो । यस अघि पनि उक्त संगठनले समस्या समाधानको लागि ध्यानाकर्षण गराउँदै आएको थियो ।

भूमिसुधार मन्त्रीले भदौको शुरुवातसँगै गाउँब्लक जग्गा नाप्ने र यसका लागि निर्देशिका समेत तयार पार्ने बताउनु भएको छ । यसका लागि भूमि अधिकारका लागि जुटेका संगठनहरुसँग मिलेर बसोबासका आधारमा जग्गा नापजाँच गर्ने सोचाई मन्त्रालयको रहेको जानकारी दिनुभयो । यो समस्या संविधानसभाको निर्वाचनपूर्व गर्ने गरी मन्त्रालयलाई निर्देशन दिने र सोको अनुगमन गर्ने प्राकृतिक स्रोत तथा साधन समितिका पदाधिकारीहरुले बताएका छन् । यसअधि नै पनि समितिले जग्गा नापजाँच सम्बन्धमा नापी विभाग र मन्त्रालयसँग आवश्यक परामर्श गरिसकेको छ । उपप्रधानमन्त्री र काँग्रेसका महामन्त्रीले आफ्नो तर्फबाट समस्यालाई गम्भिरतापूर्वक लिई दल र क्याबिनेटका मन्त्रीहरुसँग छलफल गर्ने बताउनु भएको छ ।

तराईका प्रायः सबै र पहाडका केही जिल्लाहरुमा गाउँब्लक जग्गा नापजाँच सम्बन्धी समस्या रहेको छ । यो समस्याबाट देशभरका ६ लाख भन्दा बढी गरिब परिवार प्रभावित छन् । यस प्रकारको जग्गामा अधिकांश कृषि मजदुर, हरुवा, चरुवा, कमैया, गरिव, दलित, जनजाति तथा पछाडि पारिएका समुदाय बसोवास गर्छन् । आफ्नो घर रहेको जग्गाको स्वामित्व नहुँदा साँध सीमानाका विषयमा झैझगडा भैरहने, धितो राखी ऋण सुविधा प्राप्त गर्न नसकिने, सरकारी सुबिधा जस्तो बिद्युत एवं टेलिफोन जडानमा अतिरिक्त थप धरौटी राख्नु पर्ने आदि समस्याहरु भेलिरहेका छन् ।

गाउँब्लकको समस्या कपिलवस्तु, रुपन्देही, नवलपरासी, बर्दिया, कञ्चनपुर, बाँके, दाङ, चितवन, बारा, पर्सा, रौतहट, मकवानपुर, सर्लाही, सप्तरी, सिरहा, सुनसरी, मोरङ्ग, झापा, उदयपुर, सिन्धुपाल्चोक, दोलखा, धादिङ्ग, जुम्ला आदिमा समेत रहेको प्रारम्भिक सर्वेक्षणबाट देखिएको छ । गाउँब्लक जग्गा सबैभन्दा बढी बर्दियामा १४१४६–०५–०८ बिगाहा रहेको छ । यसैगरी नवलपरासीमा ६७५–०५–०६, कपिलवस्तुमा १६३२–०२–१९, रुपन्देहीमा १६०३–१७–१९, धनुषामा १८९५ बिगाहा भन्दा बढी सर्लाहीमा ११९८–५–०, सिन्धुपाल्चोकमा ३ सय रोपनी भन्दा बढी रहेको छ ।

गाउँब्लक (जसलाइ ठाउँ अनुसार मिन्हा डिही, स्वबासी, बालबिटोरी पनि भनिन्छ) जग्गाको भोगलाई मुख्य आधार बनाइ गाउँ सर्जमीन र भूमि अधिकारबाट बञ्चित संगठनको सिफारिसमा नाँपजाँच र दर्ता गरी प्रमाण पूर्जा दिइनुपर्ने, बासको लागि उपयुक्त स्थानमा प्रति परिवारलाई बासको प्रयोजनका लागि न्यूनतम १ कठ्ठा जग्गाको ब्यवस्था गरिनु पर्ने, गाँउब्लक जग्गामा अधिकतम ४ कठ्ठाको हदबन्दी कायम गरिनु पर्ने, गाँउब्लक जग्गा नाँपजाँच एवं दर्ता र लालपूर्जा वितरण निशुल्क रुपमा श्रीमान तथा श्रीमतीको संयुक्त नामबाट बितरण गरिनु पर्ने लगायतका माग रहेको संगठनका अध्यक्ष नित्यानन्द ज्ञवालीले बताउनु भएको छ । भदौदेखि काम गर्ने सबैले बताएका छन् तर काम शुरु नभए सशक्त आन्दोलनका कार्यक्रम थाल्ने प्रतिनिधि मण्डलका सदस्यहरुले बताए । ■

## चितवनका १३ जनाले पुर्जा पाए

नेपाल चेपाङ संघले चेपाङ समुदायको भूमि अधिकारको सवालमा अभियान सञ्चालन गरिरहेको छ । चितवनको सिद्धी, शक्तिखोर, काउले, कोराक र लोथरमा भूमि अधिकार बारेको परिवेश विश्लेषण गरिएको छ । त्यसैगरी जनताको भूमि ऐन निर्माणको लागि गोरखा, धादिङ, चितवन र मकवानपुर जिल्लाको १८ समुदायमा छलफल सम्पन्न भएका छन् ।

२०३२ मा भएको नापीका बखत फिल्ड बुकमा नाम भएका चेपाङहरुलाई पुर्जा दिलाउने, चेपाङहरुलाई भू-स्वामित्व कायम गराउने र चेपाङहरुलाई पुर्जा लिन जागरुक गराउने उद्देश्य अनुरुप चितवनमा फिल्ड बुक हेर्ने, फिल्ड बुकमा नाम भएको व्यक्ति पहिचान गर्ने र फिल्ड बुकवाट नाम उतार्ने कार्य भैरहेको छ ।

जसमा लोथरका ज्ञानबहादुर चेपाङले मालपोत कार्यालयबाट लालपुर्जा प्राप्त गरेका छन् । लोथरकै पुर्जा नपाएका र फिल्ड बुकमा नाम भएका २३ चेपाङहरुको नाम पहिचान भएको छ । कोराकका ६ जनाको नाम उतार गरेकोमा २ जनाको नाम पहिचान भएको छ र बाँकी ४ जनाको खोजी भईरहेको छ ।

शक्तिखोर र जुट्पानी गाविसका २८ घरधुरीको नाम उतार र ती व्यक्तिहरु पहिचान भईरहेको छ । अहिलेसम्म फिल्ड बुकमा नाम भएका तर लालपुर्जा नपाएकामध्येबाट लोथरका १३ जनाले १५ रोपनी जग्गाको जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । ■

# सर्लाहीमा भूमिहीनहरुको खबरदारी सभा

राष्ट्रिय भूमि अधिकार मञ्च जिल्ला कार्य समिति सर्लाही र ग्रामीण स्वयमसेवक समाज हरिवनको संयुक्त आयोजनामा २०६३ बैशाख २० मा खबरदारी सभा सर्लाहीको हरिवनमा सम्पन्न भएको छ। सभामा आठ राजनीतिक दलका जिल्ला प्रतिनिधी, सामाजिक संघसंस्थाका प्रतिनिधी, सरोकारवाला एवं पत्रकारहरु गरी करिव ५ हजारको सहभागिता थियो भने सभाका प्रमुख अतिथि राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका अध्यक्ष एवं किसान नेता बलदेव राम हुनुहुन्थ्यो। भूमि अभियानकर्ता सरस्वती सुब्बाको सभापतित्मा सम्पन्न सभाले सम्पूर्ण भूमिहीन, पीडितहरुको पक्षमा संविधान निर्माण गर्नुपर्ने, राजनैतिक पार्टीहरुले यसको आवाज उठाउनुपर्ने तथा तुरुन्त सविधान सभाको चुनावको लागि अन्तरिम सरकार गठन गरिनुपर्ने, संविधान मस्यौदा निर्माण गर्दा भूमि पीडितको प्रतिनिधीत्व गराउनुपर्ने माग राखेको छ।

ग्रामीण स्वयमसेवक समाजका अध्यक्ष चूडामणि वाग्लेले सबै भूमि पीडितहरु एकजुट भएर अधिकार प्राप्ती नभएसम्म निरन्तर आन्दोलन गर्नुपर्ने बताउनुभयो। नेकपा माओवादीका धनबहादुर लामा (रमेश) ले भूमिसुधार कार्यालयले भूमिको सुधार गर्नुको सट्टा कर्मचारीको मात्र सुधार गरेकोले यस कार्यालयलाई खारेज गर्नुपर्ने बताउनुभयो। सामुदायिक वन उपभोक्ता महासंघ सर्लाही अध्यक्ष सिताराम पोखरेलले भूमिहीनको बढ्दो जनसंख्याले बन क्षेत्र विनास भएको बताउनुभयो। नेकपा एमाले जनकपुर अञ्चल कमिटी सदस्य लक्ष्मण पौडेलले जनमुखी भूमि ऐन बनाउनुपर्ने र भूमिको सवालमा पार्टीबाट सहयोग हुने बताउनुभयो। जनमोर्चा नेपाल जिल्ला कमिटी सचिव डाचाराज वाग्लेले सामन्ती भू-स्वामित्व अन्त्य गरी महिला-पुरुषको संयुक्त नाममा लालपूर्जा हुनुपर्ने र भूमिमा हदबन्दी लागू गर्नुपर्ने बताउनुभयो। प्रमुख अतिथि बलदेव रामले भूमिहीनहरुले पूर्ण रुपमा आफ्नो हक अधिकार नपाएमा र भूमि पीडितहरुको आवाज सरकारले नसुनेमा सिंहदरबार घेराउ गरिने बताउनुभयो। जिल्ला भूमि अधिकार मञ्च महोत्तरीका अध्यक्ष सोमबहादुर कार्कीले भूमिपीडितहरु मिली भूमि आन्दोलन देशव्यापी बनाउने बताउनुभयो। भूमि पीडित फगुनी मण्डलले सम्पूर्ण भूमि सम्बन्धी काम गाविसको अधिकारमा हुनुपर्ने, भूमिमा हदबन्दी गरी निकालिएको जग्गा पीडितलाई बाँडिनु पर्ने बताउनुभयो। ■

छलफल/बहस

# भावी नेपाल : नागरिकको पहल




भावी नेपाल नागरिकको पहल-२ कार्यक्रम २०६३ असार ३ र ४ गते त्रिभुवन विश्वविद्यालय परिसर कीर्तिपुरमा सम्पन्न भएको छ। शान्तिका लागि साझा अभियान, नेपाल दक्षिण एसिया केन्द्र, मार्टिन चौतारी, नेपाल आदिवासी जनजाति महासंघ लगायत विभिन्न गैर सरकारी सामाजिक संघसंस्थाको संयुक्त आयोजनामा संचालित उक्त कार्यक्रममा पहिलो दिन संविधानसभाका विषयगत सवालहरुमा ३४ वटा समानान्तर कार्यशालाहरु सम्पन्न भएको थियो भने दोश्रो दिन नयाँ नेपालको प्रादेशिक एवं राजनीतिक स्वरुप र संविधानसभाबारे ४ वटा समानान्तर छलफल भएको थियो।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले ३४ समानान्तर कार्यशाला अन्तर्गत भूमि अधिकार र राज्यको पुनःसरचना विषयक कार्यशाला चलाएको थियो। उक्त कार्यशालामा किसान नेता केशब बडालल कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने भूमि विज्ञ जगन्नाथ अधिकारी, धर्मदत्त देवकोटाले टिप्पणी गर्नुभएको थियो। यस कार्यशालामा भूमि पीडित, भूमि सरोकारवालाहरु गरी ८० जनाको सहभागिता थियो जसमा २० महिला थिए।

कार्यपत्रमा बर्षौ देखि जमिन जोत्दै आएको जमिन स्थानीय सर्जमिनका आधारमा मोहीका नाममा मोहियानी हक दिने कानुनी व्यवस्था गर्ने, गुठी जमित वास्तविक जोताहा किसानका नाममा दर्ता गर्ने र उखडा जग्गा जोतभोगको आधारमा जोताहाको नाममा दर्ता गर्ने, हलिया, हरुवा, चरुवाका नाममा रहेका ऋण मिनाहा गर्ने, मुक्त कमैया, मोही, भूमिहीन, हलियाहरुको दर्ता भएका निवेदनमा तुरुन्तै कारवाही गर्ने जस्ता कुरामा जोड दिइएको छ।

हदबन्दी भन्दा बढी जमिन रोक्का गरी राज्यको स्वामित्वमा हस्तान्तरण गर्ने, जमिन विनाकारण अलपत्र र बाँझो राख्न नपाउने व्यवस्था गर्नुपर्ने, क्रान्तिकारी भूमिसुधार लागू गर्नेमा सरकारले ध्यान दिनुपर्ने बताइएको छ। भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधान गर्ने गरी पुरानो भूमि ऐनलाई विस्थापित गर्ने गरी नयाँ ऐनको तयारी गर्ने, सामन्ती भू-स्वामित्वको अन्त्य गर्ने र पूर्ण लोकतान्त्रिक ढंगले कृषि तथा भूमि अर्थतन्त्रको पुनर्गठन गर्नुपर्ने जस्ता कुरा उठाइएको छ। ■

# भूमि तथा किसान अधिकार अभियानबारे छलफल

२०६३ साउन ३१ मा पाटनको यलमाया केन्द्रमा भूमि तथा किसान अधिकारबारे छलफलका लागि मुख्य राजनीतिक दलका किसान संघ, संगठनहरुलाई बोलाइएको थियो। कार्यक्रममा ५ दलका किसान संगठनहरुको सहभागिता थियो। कार्यक्रमको उद्देश्य भूमि अधिकारबारे किसान संगठन लगायत विभिन्न सरोकारवालाको उत्तरदायित्व आदि विषयमा छलफल भएको थियो। छलफलमा सबै किसान संघ, संगठनलाई समेट्दै आगामी दिनमा पनि छलफल गरेर साझा सहमती तय गर्दै भूमि एवं किसान अधिकारबारे मिलेर लाग्ने सहमती भएको छ।

**● जगन्नाथ अधिकारी, मार्टिन चौतारी**

भूमिसुधारका जति काम भएका छन्, त्यसमा म सन्तुष्ट छैन। अहिलेको जस्तो १ कठ्ठा २ कठ्ठा जग्गा बाँडेर किसानलाई केही हुँदैन। राज्यले क्रान्तिकारी भूमिसुधार गर्ने र त्यसपछि दातृसंस्थाहरु जस्तै विश्व बैंक, एसियाली विकास बैंकले स्वतन्त्र बजार व्यवस्थापनका लागि सघाउनुपर्दछ।

भूमि वितरणले मात्रै गरिबी घटदैन। उत्पादन वृद्धिमा पनि हामी केन्द्रित हुनुपर्दछ। आयआर्जनका दृष्टिकोणले हेर्ने हो भने घरधुरीअनुसार आयआर्जनका बाटा थुप्रै अपनाइएका पाइन्छन्। भूमिसँगै अन्य आर्जनका बाटालाई पनि जोडेर लानुपर्छ। जस्तै कुखुरा पालन, दुग्ध उत्पादन आदि। यसमा पनि पानी बराबरको पनि दुधको मुल्य नभएको कृषकको पीडालाई कसरी कम गर्ने भन्ने विषयमा पनि हामीले ध्यान दिनु आवश्यक छ।

भूमि बाहेक किसानको अन्य समस्याहरुलाई पनि जोडेर लान सक्नुपर्छ। विकसित देशबाट खाद्यान्नको आपुर्ति हुने कारणले साना किसानहरु मारमा परेको स्थिति छ। किसानहरुले बैंकबाट ऋण लिएर उत्पादन गर्छन तर विदेशबाट आपुर्ति हुने सामाग्रीले ती उत्पादनलाई विस्थापित गरेको छ। त्यसैले किसानहरुले कस्ता बीउ किन्छन्, कहाँबाट आएको हो, सो पनि बुझ्नुपर्छ।

सरकारले ल्याउने योजनाले किसानलाई के फाइदा पुगेको छ त्यो हेरिनुपर्छ। यदि फाइदा छैन भने किन के भनेर खोजी गरिनु आवश्यक छ। उदाहरणको लागि हालै सरकारले ल्याएको भूमि बैंकलाई लिन सकिन्छ। भूमि बैंकमार्फत ऋणमा जग्गा दिने भनेको किसानका लागि कति फाइदाजनक छ र यो कति उपलब्धीमूलक भयो ? राज्यले गर्ने भूमिसुधारमा त्यसलाई कसरी लागू गर्ने भन्ने मुख्य समस्या हो। योजना लागू गर्ने एउटा र नीति बनाउने अर्को भएकोले भूमिसुधारमा समस्या भएको हो। त्यसैले वर्तमान सरकारले ल्याउने भूमिसुधार पनि लागू हुन सक्दैन।

२००१ को एक अध्ययन अनुसार अहिलेका साँसदहरुको भूमि स्वामित्व हेर्दा तराइमा १० हे. र पहाडमा १५ हेक्टर छ। यो स्थितिमा राज्यले गर्ने भनेको भूमिसुधार लागु हुनेमा शंका छ। भूमिहीन, साना किसानले भूमिसुधारलाई कसरी बुझ्छन र बुझेका छन्। कम्तीमा पनि भूमिमा न्यून स्वामित्व हुनु जरुरी छ भनेर हामीले बुझाउन सक्नुपर्छ र किसानले पनि बुझ्नुपर्छ। भूमिमा स्वामित्व हुनाले रोजगारी बढ्ने सम्भावना, गैर कृषिमा लाग्न सहज बातारण सिर्जनादेखि लिएर आर्थिक स्थिति बलियो हुन्छ। गैर कृषि क्षेत्रलाई भूमिसँग कसरी सम्बन्धित गर्ने ? कृषि उत्पादन कसरी बढाउने ? जस्ता कुराहरुलाई पनि हामीले समावेश गर्नुपर्दछ।

**● यमुना घले, एसडिसी**

भूमि, कृषि, ग्रामीण विकास फरक फरक हो भन्ने बुझाइलाई हामीले हटाउन सक्नुपर्दछ। यी विषयलाई भूमिहीन किसानदेखि नीति बनाउने माझ लैजान सक्नुपर्‍यो। संविधानसभाको छलफलमा जनतालाई प्राकृतिक स्रोतमा कसरी पहुँच बढाउने भन्ने विषयमा पनि बहस हुनु जरुरी छ। अहिलेसम्म सरकारी दस्तावेजमा किसानको परिभाषा छैन, सामान्य बोलीचालीमा किसान भनेको पुरुष हो किनकी उसँग लालपूर्जा हुन्छ। महिलाको त्यहाँ कुनै स्थान छैन। त्यसैले अबको संविधानसभामा सहअस्तित्वलाई समेटिनुपर्छ। सँगसँगै खाद्यसुरक्षाको कुरालाई पनि लिएर जानुपर्छ। भूमिको सवाल कसको हो ? यसमा स्पष्ट हुनुपर्छ। हामीले भूमिलाई सामाजिक न्यायको रुपमा हेरेका छौं कि वा कतै एकोहोरो उत्पादनको विषयलाई मात्र हेरेका छौ ? त्यसमा प्रष्ट हुनु जरुरी छ। भूमिमा नीजिकरण र उदारीकरण हुन हुन्छ की हुँदैन ? सार्वजनिक सम्पत्ति र नीजि सम्पत्तिलाई कसरी हेर्ने ? यो आन्दोलन भूमिमा आधारित आन्दोलन हो भने भूमिसँगै अन्य सवालहरुलाई पनि जोडेर लगेमा सफलता प्राप्त गर्न सकिन्छ। विद्यालय वा विश्वविद्यालय वा अन्य शैक्षिक पाठ्यक्रममा कृषिको कुरालाई समेटिएको छैन। जबसम्म कृषि, माटो सम्बन्धी आम जानकारी र चेतना हुँदैन तबसम्म भूमिको समस्या यथावत रहिरहन्छ र कृषकहरु मारमा परिरहन्छन्। त्यसैले पाठ्यक्रममा कृषिको कुरालाई समेट्नुपर्छ। भूमिको नीजिकरणबाट कृषकलाई फाइदा वा बेफाइदा के छ त्यो हेरिनुपर्छ। त्यसैले भूमि नीजिकरण गर्ने कि नगर्ने स्पष्ट हुनु जरुरी छ।

भूमि आन्दोलनसँग धेरै सवालहरु जोडिएको छ। जसमध्ये सामुदायिक बनमा भएका विपन्नहरुले भूमिमा स्वामित्व पाउनुपर्छ भन्ने निकै चर्चामा छ, यसका लागि आन्दोलनले सहयोग गर्नुपर्छ। त्यसैगरी दलित, महिला, जनजातिसँग मिलेर काम गरेमा आन्दोलन सफल हुन्छ।

**● घनश्याम पाण्डे, फेकोफन**

सामुदायिक वनका कार्यक्रम हुने ठाउँमा भूमिको विषय पनि उठ्ने गरेको छ। राउटे जातिले आफ्ना शत्रुमा राजा ज्ञानेन्द्र र सामुदायिक बनलाई मान्छन्। यस्तो हुनुमा हाम्रो अभियानले सम्बन्धित पक्षलाई समेट्न सकेको रहेनछ भनेर बुझ्नुपर्दछ। सामुदायिक बनले भूमि अधिकारको विरोध गर्दैन। जबसम्म भूमिमा श्रमजिबी जनताको अपनत्व कायम गर्न सकिदैन अन्य कार्यमा पनि सफल भइदैन। भूमिमा स्वामित्व कायम गर्ने कुरा राजनीतिक कुरा हो। पार्टीका घोषणापत्रमा भूमिको कुरा उल्लेख भएपनि ठाउँमा पुगेपछि ओझेलमा पर्छ। त्यसैले सबै राजनीतिक दलहरुको साझा दृष्टिकोण बनाउनुपर्छ अन्यथा भूमि समस्या समाधान हुन सक्दैन।

अब राजाको सम्पत्ति मात्र खोजेर भएन, राजनीति दलका नेताको पनि खोज्नुपर्छ। भूमि सामाजिक आर्थिक पक्षसँग जोडिएको छ। किसानको समस्या समाधान किसान संघले नै गर्नुपर्छ। कृषि विकास बैंकले कृषकलाई १० हजार ऋण प्रवाह गर्ने भनेको छ तर गरेको छैन। यसमा किसान संघ, राजनीतिक संस्थाले किन हेर्न सकेको छैन ? जबसम्म राजनीतिक रुपमा किसानलाई जग्गाको मालिक बनाउने प्रमुख एजेण्डा बनाउन सकिदैन तबसम्म भूमिको समस्या यथावत रहनेछ। भूमि अभियानलाई अघि बढाउन सामुदायिक बनले सधैं सहयोग गर्नेछ।

● **सुरेश नेपाल, राष्ट्रिय भूमि अधिकार सरोकार समूह**

चुनावको समयमा राजनीतिक दलले किसानका मुद्दालाई मुख्य बनाएर चुनाव जिते र सत्तामा पुगेपछि ओझेलमा परिरहेको छ। सरकारले कुनैपनि विकास योजनामा भूमि अधिकारबाट बन्चितलाई सहभागी गराउन सकेको छैन्। कृषि पेशा छाडिसकेकालाई मात्र सहभागी गराउने चलनको अन्त्य हुनुपर्दछ।

किसानको समस्या एकातिर र किसान संघ अर्कोतिर भएकोले समस्या मात्रै उठ्यो। यो राजनीतिक र वर्गीय सवाल हो। जबसम्म जसको सवाल उसको अगुवाई हुँदैन यो समस्या समाधान हुँदैन। विभाजित विचार, विभाजित संगठन र विभाजित आन्दोलनले समस्या जस्ताको तस्तै रहने गर्छ। त्यसैले अब एकीकृत सवाल, एकीकृत योजना र एकीकृत आन्दोलन चाहिएको छ।

● **बच्चु राइ, अखिल नेपाल प्रगतीशील किसान संघ**

२०२१ अनुसार नै जग्गा वितरण गर्दै आइरहेको छ राज्यले। कति हदसम्म जग्गा वितरण गरिराख्ने भन्ने राज्यलाई थाहा छैन। जग्गा वितरण गर्दै जाने र सुकुम्बासी बन्दै जाने प्रक्रिया भइरहन्छ। त्यसैले जग्गा पाउनैपर्छ भन्ने मात्र नभई जग्गालाई कसरी उपयोग गर्ने भन्नेमा जानुपर्छ। आदिबासीको भूमिसँगको सम्बन्धको कुरालाई कहाँ उठाउने ? कसरी उठाउँने ? यसमा ध्यान जानु आवश्यक छ। भूमिको दिगो उपयोगको लागि सरकार लगायत सबैले ध्यान दिनु जरुरी छ।

● **पुष्पलता रेग्मी, किसान महिला संघ नेपाल**

कृषक र जमिन सिक्काका दुइ पाटा हुन। कृषक र भूमिलाई कसरी गुणस्तरीय र उत्पादनमुखी बनाउने ? यसमा जोड दिनु आवश्यक छ। माटो र बीउमा फरक छुट्याउन सक्ने शिक्षा ल्याइनुपर्छ। दिगो कृषि कृषिशिक्षामा ध्यानदिनुपर्छ। दिगो कृषि विकासका लागि शिक्षामा कृषिका कुरा समावेश गरिनु अति आवश्यक छ।

● **आनन्दप्रसाद पोखरेल, प्रतिनीधिसभा सदस्य**

संविधानसभाको पुनसंरचनासँगै कृषि र भूमिसुधारको पुनसंरचना पनि उठेको छ। राज्यले श्रोत विहीनलाई श्रोतमा अधिकार पँहुच कसरी गर्ने भन्नेमा ध्यान दिनु जरुरी छ। जमिनमा श्रम गर्नेको पहुँचको कुरामा राज्यले ध्यान दिनुपर्छ। राज्यले ल्याएको अहिलेको हदबन्दीले मात्रै समस्या समाधान हुँदैन।

किसान हीतनका लागि साझा विचार बनाएर जानुपर्छ भन्ने कुरा आदर्शबादी छ। यहाँ वर्गीय विचारलाई अघि ल्याइनुपर्छ। अति सिमान्तकृत किसानका सवाललाई हामीले हेर्नुपर्छ। यसमा पार्टीले संसदमा संकल्प प्रस्ताव गरेको छ तर सहमतीमा पुग्न सकेको छैन। यहाँ ५, ७ किसान पार्टीको सहमतीले होला भन्ने छैन यदि भएमा यो निकै महत्वपूर्ण हुनेछ र साझा घोषणा तयार गर्न सक्छौं। यद्यपी संसदमा साझा सहमती र संकल्प आइसकेको छैन। किन किसानलाई वर्गीय रुपमा सगठन गर्नसकेका छैनौ। यो मुख्य चुनौती हो।

जबसम्म किसानका लागि पार्टीले किसानको समस्या लिएर जान्छ, तबसम्म समस्या समाधान हुँदैन। यसका लागि किसान र किसान संघले नै समस्या सहित घोषणा पत्र तयार गर्नुपर्छ। किन किसान संघले किसानको समस्या उठाउन सकेन। गैससले किन किसानको समस्या उठाउन थाले ? यसमा किसान संघले सोच्नुपर्छ। के एनजिओले किसानको समस्या समाधान गरिदिन्छन् ? २, ४ वटा व्यक्तिलाई हामीले किसान भेला र समस्या बुझ्नका लागि किन गुहार्नु परेको छ ? किन विदेशका एउटा किसानले सारा देशमा आफ्नो उत्पादन पठाउँछ। किनकी त्यस किसानलाई ६० प्रतिशतसम्म अनुदान दिइएको छ ? चिन्तन गरौं र साझा सहमती बनाऔं।

कृषिलाई इन्धनको रुपमा प्रयोग गरी उत्पादन गर्ने, यो एउटा पूँजीबादी अवधारणा हो। दिर्घकालीन कृषि नीतिमा सबै पार्टीको साझा सहमती र हस्ताक्षर छ तर यो व्यवहारिक छैन। उत्पादनमा लागेका किसान वर्गको आफ्नो परिचय छैन। यसमा गम्भीर हुनु जरुरी छ। दलको सहमती बनाउने र अवधारणा पत्र तयार गर्ने प्रतिवद्धता एमालेले गर्दछ।

किसान संघ, संगठनहरुले तय गरेको ६२ बुँदे मागमा हदबन्दीको विषयमा सहमती गरिएको छैन्। आन्दोलनमा आउने धनी वर्ग नभई चप्पल लगाउने आएका थिए। यिनीहरुका पक्षमा कुरा उठाइयोस। राज्यले सिर्जना गरेको कुरामा जनताले किन माग गर्नुपर्ने, जनताले किन दुख भोग्ने ? यो कुरा सम्बोधन गरियोस। समाजवादी अर्थतन्त्रको सोचमा किसानलाई सरकारले सहयोग गरोस्। जसमा कृषि विकास बैंक कहाँ गयो ? किन पुरानालाई मात्र ऋण उपलब्ध गराउँछ ? कसरी गरिबी निवारण हुन्छ ?

● **पार्वत गुरुङ, इकार्डस दोलखा**

राजनीति पार्टीमा किसान विभागलाई अति अपहेलित मानिन्छ। किसान विभागको जिम्मा कसैले लिन खोज्दैन। त्यसैले यसलाइ सम्मानित रुपमा ल्याउनुपर्छ। भूमि नीति र व्यवहारका विषयमा अध्ययन अनुसन्धान गर्नुपर्छ। अबको प्रतिनीधि सभाले जसको जोत उसको पोत गराइ कार्यान्वयन गर्नुपर्छ।

● **नेत्र प्रसाद तिम्सीना, गैसस महासंघ नेपाल**

भूमिहीन एवं भूमिपति दुवैको मुक्तिको ला हामीले ध्यान दिनुपर्छ। आन्दोलन पछा हाम्रो ग्याप के के छन् हेर्नुपर्छ ? राज्य पुनसंरचनासगै भूमिहीनको सवालल जोड्नुपर्छ। खाना नपाउनु मानवधिकार चरम हनन् हो, त्यसैले यो संवेदनशीलता पनि हेर्नुपर्छ। भूमि सवाल तुरुन्तै समाध हुने होइन, यसलाई राष्ट्रि अन्तराष्ट्रियस्तरमा समेत उठाउनु प गणतन्त्र लोकतन्त्रको भावना र किसानसँग कसरी जोडिएको छ, त्यो हेर्नु हदबन्दी मोहियानी हकको कुरा नगरी स रुपमा किसानले पेटमा के हाल्ने भन्ने कु हामीले सोच्नुपर्छ।

● **किरण पोखरेल, रेडियो सगरमाथ**

भूमि, कृषि र जोताहा किसानको परिभाषा हुनुपर्‍यो। कृषिलाई यान्त्री गर्नतर्फ किन नजाने ? उत्पादन बढाउ किन नजाने ? कृषिलाई कसरी यान्त्री

गर्न सकिन्छ ? यो मुख्य चासोको विषय हो । राष्ट्रको प्रमुख मुद्दा जातीय मुद्दा हो । भूमिलाई जातिय वा वर्गीय मुद्दा के मा लाने ? अहिले जनजाति आदिवासीको समस्यालाई कसरी हेर्ने ?

- **भीमप्रसाद गौतम, जनमोर्चा**

हामी किसान संघहरु ६२ बुदाँ साझा माग लिएर लडिरहेका छौं । तर मिलेर आन्दोलन गरियो । सफल हुन सकिएन । प्रतिवद्धता कार्यान्वयनमा ल्याउन सकिएन । भूमिको अन्यायपूर्ण वितरणलाई न्यायपूर्ण बनाउनुपर्दछ । ३ लाख भन्दा बढी मोहीहरु हकबाट बेदखल छन । किसान आन्दोलन जहिले पनि ठगिएको छ । विभिन्न गुठी मन्दिरको नाममा भएको जमिन जफत गरिनुपर्छ र जोताहा एवं भूमिहीन किसानलाई वितरण गरिनुपर्छ । निम्न, मध्यम वर्गदेखि पुँजीपति वर्गका जमीन छुट्याई कृषक वर्गको हातमा जमीन हुनुपर्छ । चक्लाबन्दी लागू गर्नुपर्छ । द्वन्द्व हुनुको कारण असमान भूमि वितरण र भूमि समस्या नै हो । साझा सहमतीमा जाऔं ।

- **दीपक प्रसाद पौडेल, नेपाल किसान संघ**

खेतीयोग्य जग्गा बाँझो राख्न नपाउने र राखेमा सजाय तोकिनुपर्छ । जग्गा बाँडेर असफल भएको स्थिति अहिले छ, त्यसैले सामुहिक खेती गरी उत्पादन बढाउनतर्फ लाग्नुपर्छ । कृषिका लागि आवश्यक मल, बीउ, आदि कुरामा सरल, सहज उपलब्ध गराउनुपर्छ । तर यसो नभएर कृषकहरु आफ्नो जग्गा बेच्न बाध्य छन् । यसमा हाम्रो लविङ कम भएको छ र नीति निर्माण भएका छैनन् । यसमा हाम्रो कमी भएको छ, ध्यान दिनुपर्छ । श्रोत साधन सरल उपलब्ध गराउने, उत्पादन बृद्धि गराउने, आदि कुरामा ध्यान दिनुपर्छ । ६२ बुँदे साझा सहमतीलाई कार्यान्वयनमा ल्याइनुपर्छ ।

- **आनन्दसन्तोषी राई, नेपाल किसान संघ**

भूमि भन्ने वित्तिकै कृषि भन्ने बुझ्छौ तर यससँग बजार व्यवस्थापनलाई पनि समेट्नुपर्छ । धनी, मध्यम, कृषि मजदुर र पशुपालकलाई पनि समेटी व्यवसायीमूलक पार्नुपर्छ । अबदेखि आवासको लागि, खेतीको लागि र उद्योगको लागि भूमि छुट्याउनुपर्छ नत्र घरैघरले जमीन कब्जा भई भरिन्छ । कृषि र कृषकलाई सहकारीकरण गर्नुपर्दछ । किसान संघहरु पार्टीको भातृसंगठनको रुपमा काम नगरी स्वतन्त्र रुपमा गर्न पाउनुपर्छ ।

- **शम्भुप्रसाद दुलाल, सिंचाइ उपभोक्ता महासंघ**

सरकारले कृषि सामाग्री बाहेक अन्यमा भन्सार छुट गरायो यसको सोझैमार कृषकलाई पुगेको छ । अबसरबाट वञ्चित किसानलाई सहयोग पुऱ्याउने हाम्रो उद्देश्य छ ।

- **धर्मदत्त देवकोटा, अखिल नेपाल किसान संघ**

किसान आन्दोलनलाई दलगत दायरा भन्दा माथि उठाएर लैजानुपर्छ । यसो नभएमा राज्य, दल, संसदले टेर्दैनन् । राजनीतिक दायरामा रहेर किसान आन्दोलन हुँदैन । आन्दोलन गर्दै जाउ राजनीतिक भूमिका जहाँ आवश्यक पर्छ त्यही उठाउँला ।

एकीकृत साझा सवाल, साझा तयारी, साझा सहमती हुनुपर्दछ । राज्यले व्यवस्थित नीति बनाएर जसले जग्गा कमाउँछ उसैलाई दिने व्यवस्था गर्नुपर्छ । गर्ने र भन्ने कुरा फरक हुन तर गरिने कुरालाई गर्ने भनेर लग्नुपर्छ । कति हदबन्दी हामीले तोक्ने कुरा होइन । भूमिमा हदबन्दी कार्यान्वयन गर्ने निश्चित निर्णय साथ अभियानको रुपमा ल्याउनुपर्छ । भूमिसुधार गर्छु भन्ने दलसहितको समिति निर्माण गरी कार्यान्वय भएमा समाधान हुन्छ । भूमिसुधार नभई किसान हक हित हुदैन भन्ने चेतना जगाउने, संजाल निर्माणमा दवाव दिने जस्ता किसान हीतका कार्यक्रम कार्यान्वयमा हामी लाग्नुपर्छ ।

राजनीतिक दलहरुले किन किसानको सवाललाई महत्व दिएनन् ? मलको बारेमा किन महत्व दिएनन ? एनजिओको सहकार्यमा केही बोल्नुपर्ने स्थिति आएको छ । किसानसंघ र किसानहरु आर्थिक रुपमा कमजोर छन् । सामाजिक संस्थाहरुले पनि किसानसँग प्रत्यक्ष काम गरिदिनुपऱ्यो र फाइदा दिने काम पनि गरिदिनुपऱ्यो ।

- **जगत बस्नेत, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

२०४६ भन्दा अगाडि किसान संघ सक्रिय थिए । अहिले केन्द्रमा मात्रै सक्रिय छन् । जिल्लामा बैठक समेत हुन सक्दैन । केन्द्रमा के कार्य भएको छ ? तल्लो तहमा जानकारी छैन । मोही हक निवेदन हाल्ने, जग्गा बाँडफाँड गर्ने, म्याद थप गर्ने जस्ता कुरामा किसान संघले केही कार्य गरेको छैन । राजनीतिक पार्टी जनसंगठन र समुदायमा जान नसक्नु दुखको कुरा हो ।

२०१६ मा नै विर्ता उन्मूलन भइसक्दा पनि अझै राजा र आसेपासेको नाम मै रहेको अवस्थाले हाम्रो असक्षमता झल्किन्छ । संगठित रुपमा हामी जग्गा खोज्ने कार्यमा जुट्नुपर्छ । एउटा हरुवा, किसान जमिन्दारको नियन्त्रणमा छ भने उसले कसरी संविधानसभाको निर्वाचनमा स्वतन्त्र भएर मतदान गर्न पाउँछ ? उसमा जमिन्दारले जहाँ भन्छ त्यहीं मतदान गर्नुपर्ने अवस्था आउँछ । किसान संघहरुले पहिला किसानहरु स्वतन्त्र गराउने आन्दोलनमा लाग्नुपऱ्यो । किसान संघले साझा धारणा निर्माण गरी कार्यान्वयनमा जानुपर्छ । वर्गीय रुपमा नगई जातीय रुपमा जान सकिदैन । अधिकार सम्पन्न समिति निर्माण नगरी हामी समस्या समाधान गर्न सक्दैनौ । एन जि ओले मात्र पनि गर्न सक्दैन, साझा सहमतीमा जानुपर्छ । किसानको समस्या किसान संघले नै अगाडि बढाउनुपर्दछ ।

- **गंगा आचार्य, एक्सनएड नेपाल**

कर्णालीका मान्छे भोकमरीले मरिराखेका छन् । यसमा किसान संघले बोलेको छैन । यसमा एनजिओ र आइएनजिलोले दिएको भरमा कति बाँच्नपर्ने हो ? बैंकले गाडी किन्न घर किन्न ५ प्रतिशतमा ऋण दिन्छ भने भैसी किन्न १८ प्रतिशत गरिरहेको छ । यसमा किन कोही बोलिरहेको छैन । साना किसानको लागि आर्थिक सहायता जस्ता कुरामा अडानसाथ गयौ भने हामी अवश्य सफल बन्छौं । हाम्रो देश यस स्थितिमा पुग्नुको कारण अरुको देखाएको मात्र बाटो हिडेर हो । स्वाभिमानी रुपमा लड्यौ भने सरकारले अवश्य गरिबका कुरा सुन्न बाध्य हुनुपर्दछ । दाताको मुख नहेरी स्वतन्त्र ढंगले लडौं ।

- **इला शर्मा एक्सनएड नेपाल**

खेतीयोग्य अर्थात खेती सम्भाव्य जमिनमा अधिकार कसको ? आर्थिक सहायता कसले दिने ? र दिन कसले रोकेको छ ? आदि मसिना विषयमा पनि गहिरिनुपर्दछ । आगामी दिनमा कसरी सँगै मिलेर जाने भन्ने कुरालाई बुझ्न, जान्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एक्सनएड नेपालले यो कार्यक्रमको आयोजना गरेको हो । ■

# संविधानसभामा अधिकारबाट बञ्चितहरुको सहभागिताबारे छलफल

दाङका भूमि अधिकारबाट बञ्चितहरुले संविधानसभामा आफ्नुहरुको सहभागिताबारे छलफल गरेका छन्। छलफलमा २२ पुरुष, १३ महिला गरी ३५ जनाको सहभागिता थियो। विभिन्न सामाजिक संघसंस्था, राजनीतिक पार्टी एवं पत्रकारहरुको उपस्थिति रहेको छलफलबाट नेपालमा जनमुखी भूमि व्यवस्था लागू गर्नुपर्ने, संविधानसभाको प्रक्रियामा गरिब, भूमिहीन, दलित, कृषिश्रमिक, असुरक्षित बस्तीका समुदाय लगायत अधिकारबाट वञ्चितहरुको सहभागिता सुनिश्चित गरिनुपर्ने, खेती नगर्नेले जमिन राख्न नपाउने संवैधानिक व्यवस्था गरिनुपर्ने, सबै क्षेत्र, वर्गको सहभागितामा अधिकार सम्पन्न भूमिसुधार अयोग वा प्रतिष्ठान खडा गरिनुपर्ने, राज्यको पुनसंरचनामा भूमिसुधार तथा व्यवस्थापनको लागि स्थानिय निकायलाई अधिकार सम्पन्न बनाउनुपर्ने आदि सवालहरु अगाडि सारिएका छन्।

कार्यक्रममा जिल्ला बार एशोसियसन दाङका अध्यक्ष विष्णुप्रसाद धितालले संविधान सभामा पीडितहरुको पनि प्रतिनिधित्व हुनुपर्ने र जोतभोगको आधारमा अधिकार दिनुपर्ने बताउनुभयो। समता पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले निर्वाचित प्रतिनिधीहरुले गाउँ गाउँका भूमिहीन किसानहरुको समस्या आवाज उठाउन नसकेर यो समस्या बढ्दै गएको र भूमिहीनहरुको समस्या समेटेर कार्य गर्नुपर्नेमा जोड दिनुभयो। नेपाली काँग्रेसका बमबहादुर डि.सी.ले राज्यले भूमि बाँड्दैमा समस्या समाधान नहुने बताउँदै त्यसका लागि भूमि पीडितहरुको अधिकार स्थापित गर्ने कार्यमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका भुपेन्द्र सुवेदीले भूमिहीनहरुलाई आवश्यक परेको बेला मात्रै प्रयोग गर्ने भाडो बन्नुपर्न नहुने बताउनुभयो।

राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका महासचिव पूर्णप्रसाद पौडेलले उद्योग धन्धा, मठमन्दिरको नाममा हजारौ विघा जमिन छ, दलालहरु मोटाइरहेका छन् तर काम गरिरहने किसान भोकै छन्, सरकारले भूमिहीनहरुको आवाज नसुनेको र भूमिहीनहरुलाई जबरजस्ती औठा छाप लगाई ऋणमा फसाउन भूमि बैंक ल्याएको बताउनुभयो। पीडित विन्तीराम चौधरी, सिताराम चौधरी, लिला वि.क. लगायत भूमि अधिकारबाट बञ्चितहरुले तुरुन्त संविधानसभाको मिति घोषणा गर्नुपर्ने माग गरेका छन्। छलफलमा तयार हुदैं गरेको अन्तरिम संविधानमा जमिन जोत्नेको हुने, सबै नेपालीलाई बासको ग्यारेण्टी गरिनु पर्ने साथै यसका लागि जमिनको न्यायिक पूर्नवितरण हुनुपर्ने जस्ता विषय उल्लेख गर्नुपर्ने माग राखेका छन्। वर्तमान संसदबाट भूमि अधिकार सम्बन्धी संकल्प प्रस्ताव पास नभएको भन्दै प्रस्ताव पास गर्न आग्रह गरिएको छ।

कार्यक्रम राष्ट्रिय भूमि अधिकार मञ्च, जिल्ला कार्यसमितिको आयोजना र ग्रामीण महिला उत्थान केन्द्र घोराही र क्षेत्रीय भूमि अधिकार मञ्च लमहीको सहयोगमा २०६३ जेठ १८ मा भएको थियो। ■

**अधिकारका लागि संघर्ष**

## भत्काइएको घर बनाइयो

सिराहाको सिसवनी गाविस दुनमुनी टोलका सुकरी कामैत, राजेश्वर सिंह र राजकुमार कामैतको भत्काइएका घर पुनः बनाइएको छ। लाहान बजारदेखि पश्चिम दक्षिणमा पर्ने यस टोलमा ३२ घरधुरीले २२ वर्षदेखि बसोबास गर्दैआएका छन्। ३२ घरधुरी मध्ये सुकुम्बासीका ३ घर बाटो फराकिलो बनाउने र बाल कक्षा खोल्न जग्गा चाहियो भन्दै स्थानीय धनीहरुले भत्काएका थिए।

२०६२ कार्तिक २ मा बलराम साहको अध्यक्षतामा गठन गरिएको स्थानिय उपभोक्ता समितिले सुकुम्बासीतर्फ १८ र धनी व्यक्तितर्फ १५ हात बाटो फराकिलो पार्ने निर्णय गरेको थियो। उक्त निर्णयमा चित्त नबुझे पनि सुकुम्बासीहरुलाई जबरजस्ती सही छाप गराएको पीडित राजकुमार कामैत बताउनुहुन्छ।

बाटो खन्ने, कल्भर्ट हाल्ने काम ठुलाठालु बस्तीबाट शुरु गरियो र विवादका कारण बिचैमा रोकियो। फागुन २ मा विना सुचना सुकुम्बासी वस्तीमा समितिका व्यक्तिहरु आई जबरजस्ती घर भत्काई दिए। यसको विरोध गर्दा सुकुम्बासीहरुले पिटाई खाए।

विवाद बढेपछि ईलाका प्रशासन र प्रहरी कार्यालय लाहानमा पीडितहरुले आफुमाथि भएको अत्याचारको कारवाहीको लागि निवेदन दिंदा प्रशासन कर्मचारीले जग्गासम्बन्धी विवादको कार्य गर्न नसक्ने भन्दै फर्काई दियो। पछि उनीहरुले जिल्ला प्रशासन कार्यालय सिराहामा निवेदन दिए। तर जिल्ला प्रशासनका कर्मचारीबाट पनि पीडितहरुले सहयोग नपाएकाले उनीहरु आफ्नो स्थानबाट उठनुपर्ने स्थितिमा पुगेका थिए।

दलित संरक्षण अभियान मंच र जिल्ला भूमि अधिकार मञ्च सिराहाका अभियानकर्ताहरुले फागुन ८ गते पीडितसँग छलफल गरी १० गते पत्रकार सम्मेलन र ११ गते जि.प्र.का. मा कार्वाहीका लागि निवेदन दिएर भूमि अधिकारबाट बञ्चितहरुलाई आन्दोलनमा उतारेपछि भने जि.प्र.का.अधिकारीले कसैलाई हटाउन नपाइने र क्षतिपूर्ति सहित मिलाउनुपर्ने निर्णय सुनाए। इलाका प्रहरी कार्यालयले पनि पीडित एवं पीडकसँग छलफल गरी १० दिन भित्रमा घर बनाइदिनुपर्ने यसो नभएमा पीडक पक्षलाई थुन्ने लिखित निर्णय गऱ्यो। निर्णय पश्चात फागुन २१ गते भत्काईएका घरहरु बनाइदिए। यसरी पीडितहरु उठिबास हुनबाट जोगिएका छन्। ■

# ऐतिहासिक जनआन्दोलन र जनमुखी भूमिसुधारबारे अन्तरक्रिया

राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल र राष्ट्रिय भूमि अधिकार सरोकार समूह नेपालको आयोजनामा भूमिको सवाललाई लिएर ऐतिहासिक जनआन्दोलन र जनमुखी भूमिसुधार अन्तरक्रिया ०६३ जेठ ८ मा सम्पन्न भयो। ऐतिहासिक जनआन्दोलनपछि सरकार भूमि सुधारबारे के गर्दैछ ? के गर्नुपर्दछ ? भन्ने कुरा कार्यक्रममा छलफल गरिएको थियो।

कार्यक्रममा आन्दोलनकारी दलहरु मध्ये पाँच दलका प्रतिनीधि, सांसद, भूमि अधिकारबादी, भूमि अधिकारबाट बञ्चित र सञ्चारकर्मीहरुको सहभागिता थियो। संसदमा भूमि अधिकारबारेको छलफलका




लागि सांसदहरुलाई ध्यानाकर्षणका लागि ज्यादा सांसदहरुलाई कार्यक्रममा आमन्त्रण गरिएको थियो र विषय पनि त्यता बढी केन्द्रित थियो।

भूमिअधिकारबाट वञ्चितहरुले संसद् र सरकारवाट राखेका अपेक्षाहरु सुनाएका थिए। राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष वलदेव रामको सभापतित्वमा भएको कार्यक्रममा राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले अवधारणा पत्र प्रस्तुत गर्नु भएको थियो।

अवधारणापत्रका अनुसार आफ्ना समस्याहरु समाधान हुन्छन भनेर नै भूमि अधिकारवाट वञ्चित दलित तथा गरिब, हलिया, चरुवा, मुक्त कमैया, कृषि श्रमिक मोही तथा साना किसान, गुठी एवं चुरे पीडित, गाउँ ब्लकवासी, भूमिहीन तथा सुकुम्बासीहरु ऐतिहासिक आन्दोलनमा होमिएको उललेख छ। सामन्ती भू-स्वामित्वको अन्त र लोकतान्त्रिक ढंगले भूमि तथा कृषि अर्थतन्त्रको पुनर्गठन नगरी मुलुकलाई समुन्नत बनाउन सकिन्न भन्ने कुराको महशुस आन्दोलनका नेतृत्वदायी दलहरु, नागरिक संगठन, नेतृत्वदायी संस्था र व्यक्तिहरुमा भएको छ कि छैन ? भन्ने प्रश्न पनि अवधारणापत्रमा गरिएको छ। सविधानसभा मार्फत बन्ने सविधानले राज्यको पून संरचनासँगै भूमिको पनि पुनवितरण र पुनव्र्यवस्थापन गर्न सक्नुपर्ने र त्यसका लागि जनमुखी भूमिसुधार हुनुपर्ने, सरकार माओवादी वार्तामा भूमिसुधारको ठोस ऐजेण्डा अघि सार्नुपर्ने, भूमिहीनलाई भूमि दिन संसदले संकल्प प्रस्ताव पारित गर्नुपर्ने, भूमिसुधारको नीति स्पष्ट गर्न भूमि आयोग गठन गरिनुपर्ने र भूमिसुधार तथा व्यवस्थापनका लागि स्थानीय निकायलाई अधिकार सम्पन्न बनाईनु पर्ने कुराहरु पनि अवधारणापत्रमा स्पष्ट गरिएका छन्।

'नयाँ राजनीतिक परिवर्तनपछि भूमि अधिकारबाट बञ्चितहरुले अब के गर्न पाउँछन् ? भन्ने प्रश्नमा नेपाल सदभावना पार्टी (आनन्ददेवी) का केन्द्रीय सदस्य मनिसकुमार सुमनले मोही विरोधी कानूनहरु खारेज गरी जोत्नेलाई जमिन दिने नीति बनाईनु पर्ने र जमिनमा मात्र हदबन्दी नभई सम्पत्ति माथि पनि हदबन्दी लगाउनुपर्ने बताए।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य प्रेम सुवालले जनपक्षिय भूमिसुधार, क्रान्तिकारी भूमिसुधार वा जमिनको पूनवितरण जे भनिए पनि जमिन जोत्नेलाई दिइनुपर्नेमा जोड दिए। संविधानसभामा भूमिको बन्दोबस्त कसरी गर्ने भन्ने विषयमा पार्टीहरुले स्पष्ट धारणा अगाडि ल्याउनुपर्ने बिचार उहाँको थियो। संयुक्त वाममोर्चा, नेपालका केन्द्रीय सदस्य लोकनारायण सुवेदीले यही संसद र सरकारले भूमिहीन, कमैया विरोधी सम्पूर्ण कानूनहरु खारेज गर्नुपर्ने र वैज्ञानिक र क्रान्तिकारी भूमिसुधारका आधारमा भूमिको पूनवितरण विना जनता सार्वभौम भएको नठहर्ने र लोकतान्त्रिक गणतन्त्रको नाराले सार्थकता नपाउने बिचार राख्नुभयो।

जनमोर्चा, नेपालका महासचिव नवराज सुवेदीले नेपालको वस्तुगत आवश्यकताका आधारमा भूमि सम्बन्धी नीति बन्नुपर्थ्यो तर जमिनदारहरुको हितमा बनाईएकोले २०५३ को भूमि ऐन संशोधनले द्वैध स्वामित्व अन्त्य गर्ने नाममा मोहीहरुको भूमि अधिकार माथि नै प्रहार गरेको छ भन्दै अब नयाँ परिवेशमा जनताको आवश्यकताका आधारमा पुरानो कानून प्रतिस्थापित हुने गरी नयाँ कानून बन्नुपर्ने धारणा राख्नुभयो।

नेकपा (एमाले) स्थायी सदस्य केशव बडालले सामन्ती भूस्वामित्वको अन्त्य गरेर कृषि अर्थतन्त्रको लोकतान्त्रिक ढंगले पुनर्गठन गर्नुपर्ने र जमिन जोतभोग गर्नेले मोहियानी हक पाउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा उपस्थित सासदहरुले भूमिका समस्यालाई आफुहरुले संसदमा उठाउने बताउनुभयो। आर्थिक र सामाजिक क्षेत्रमा पनि सामन्तवादको अन्त गर्नु आवश्यक रहेको र प्राकृतिक स्रोतमा जनताको सार्वभौमिकता हुनुपर्ने, जमिन जोत्नेको हुनुपर्नेमा सबैको एकमत रहेको छ। ०२१ को किसान विरोधी ऐन खारेज हुनुपर्ने, सुकुमवासी किटानी गरी उनीहरु बसेकै ठाउँको जमिन दर्ता गरिदिनुपर्ने, हदबन्दी चार विघा हुनुपर्ने जस्ता सवाल कार्यक्रममा उठेको थियो। ■

# भूमिको ज्वलन्त समस्या र राज्यको दायित्व अन्तरक्रिया

२०६३ साउन ११ मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय भूमिअधिकार सरोकार समूह, नेपाल र प्राकृतिक श्रोत राष्ट्रिय पैरवी मञ्च नेपालको संयुक्त आयोजनामा विभिन्न राजनीतिक दलका प्रतिनिधी, सरकारी पक्षका सदस्यहरु एवं सरोकारवालाहरुबीच भूमिको ज्वलन्त समस्या र राज्यको दायित्व विषयक अन्तरक्रिया काठमाडौंमा सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि संसद सभामुख सुवासचन्द्र नेम्वाङ हुनुहुन्थ्यो। कार्यक्रममा




१ सय ४७ जनाको उपस्थिति थियो।

कार्यक्रममा नेकपा मालेका हिमालधन राइले सुधारवादी भूमिसुधारले मात्र नपुग्ने जसका लागि क्रान्तिकारी वा प्रगतीशिल भूमिसुधार आवश्यक रहेको बताउनुभयो। सदभावना आनन्ददेवीका गोविन्द चौधरीले अधिकाश गरिखाने वर्गसंग नागरिकता नभएका कारण उनीहरु जमिनको अधिकारबाट बञ्चित बन्न परिरहेको अवस्था छ त्यसैले भूमिको समस्यालाई नागरिकतासँग जोडेर हेरिनुपर्नेमा जोड दिनुभयो।

जनमोर्चा नेपालका केशव नेपालले भूमिहीनलाई कसरी जमिनको मालिक बनाउने यसमा राज्य जिम्मेवार बन्नु आवश्यक छ र अहिलेको सन्दर्भमा सबै दल खासगरी आठ दल यो पक्षमा क्रियाशिल बन्न र राष्ट्रिय अवधारणा बनाई त्यसलाई कार्यान्वयन गर्नुपर्ने र जसको जोत उसको पोत अनुसार काम गर्न किसानहरुलाई सचेत र संगठित गर्दै अगाडि लैजान जरुरी रहेको बताउनुभयो। राज्यको चरित्र बदल्न किसानहरु शसक्त बन्दै नयाँ नेपाल निर्माणको लागि पुरानो संरचना बदल्न हमला गर्नुपर्नेमा जोड दिनुभयो।

नेका (प्रजातान्त्रिक) डा.मिनेन्द्र रिजालले भूमि प्राकृतिक श्रोतमा कस्को स्वामित्व छ त्यसमा बहस तिब्र बनाउनु पर्ने, केन्द्रको अधिकार, जिल्ला वा प्रदेशको अधिकार र त्यहाँभित्रका समुदायको अधिकारको बहस तिब्र बनाउनु पर्ने बताउनुभयो। भूमि व्यवस्थापन शान्ती बहाली र राजनीतिक अग्रगमनको मुख्य ऐजेण्डा रहेको बताउनुभयो। भूमि व्यवस्थापनको मुख्य मुद्दा हदबन्दी र यसको व्यवस्थापन हो भन्दै १० लाख गरीब परिवारलाई गरीबबाट मुक्त गर्ने हो भने उनीहरुलाई जमिनको मालिक बनाउनुपर्ने नत्र अन्य उपायबाट मुक्त गर्न नसकिने बताउनुभयो। हदबन्दीको वैज्ञानिक सिमाङ्कन एवं न्यायोचित वितरण हुनुपर्ने र सम्पती माथिको अधिकारलाई मौलिक अधिकारको रुपमा लिनुपर्नेमा जोड दिनुभयो। भूमि समस्या समाधान, वितरण र व्यवस्थापनमा स्थानिय निकायहरुलाई अधिकार सम्पन्न नबनाई समस्या समाधान नहुने जसका लागि बाह्य श्रोत र दातृ संस्थाहरुसँग कुरा गर्न सकिने बताउनुभयो।

अखिल नेपाल किसान संघ (क्रान्तिकारी) का शिवराज गौतमले भूमि वितरण र व्यवस्थापनको मुल जडमा नगई समस्यालाई बुझ्न नसकिने र भूमि सम्बन्धी समस्याको समाधान अहिलेसम्म किन भएन यसको खोजी नगरी नयाँ व्यवस्थातर्फ प्रवेश पनि गर्न नसकिने बताउनुभयो। समस्यालाई आंशिकबाट मात्र नभई समग्र रुपबाट हेरी समस्या समाधानतिर लाग्नुपर्ने बताउनुभयो। अहिलेका सबै समस्याको मुल कारण वर्तमान राज्य संरचना रहेको र सो आमूल परिवर्तन नगरी समस्या समाधान हुन नसक्ने बताउनुभयो। राज्यको पुन संरचना देशको आन्तरिक श्रोत, सोचबाट गरिनुपर्ने र सत्ता यसका लागि जिम्मेवारी बन्नुपर्नेमा जोड दिनुभयो।

एउटा किसानलाई जमिनका साथै राज्यको सरचनाभित्र स्थान दिनुपर्ने बताउँदै समुन्नत देशका लागि भूमिको अधिकतम परिचालन, आधुनिकीकरण, श्रमको उचित मूल्य र भूमिको प्रगतीशिल/क्रान्तिकारी वितरण गरिनुपर्ने बताउनुभयो। पार्टीले १० विगाहा हदबन्दीलाई अगाडि सारेको र कब्जा गरेको ५० हजार हेक्टर जमिन फिर्ता गर्न तयार रहेको बताउनुभयो। तर राज्य, गरीब किसानलाई जमिन दिन प्रतिवद्ध हुनुपर्ने बताउनुभयो। राज्यको दायित्व भूमिको न्यायपूर्ण वितरणका साथै सिचाईको प्रबन्ध पनि रहेको र विदेशी हस्तक्षेपलाई पनि रोक्न आवश्यक रहेको बताउनुभयो।

*भूमि व्यवस्थापनको मुख्य मुद्दा हदबन्दी र यसको व्यवस्थापन हो भन्दै १० लाख गरीब परिवारलाई गरीबबाट मुक्त गर्ने हो भने उनीहरुलाई जमिनको मालिक बनाउनुपर्ने नत्र अन्य उपायबाट मुक्त गर्न सकिंदैन।*

नेपाली काँग्रेसका लक्ष्मणप्रसाद घिमिरेले भाषागत रुपमा नेपाली कांग्रेस क्रान्तिकारी भूमि सुधारको पक्षमा रहेको तर यसमा सबै दलको साझा विचार, तरिका, प्रक्रियाहरु तय गरिनु आवश्यक बताउनुभयो। तत्काल कमैयाको समस्या समाधान गर्न सकिने र अरु समस्या संविधान सभाको निर्माण पछि गर्न सकिने बताउनुभयो। कृषिमा आधारित औद्योगिकरण नगरी राष्ट्रिय पुँजी र संवृद्धि सुनिश्चित गर्न नसकिने बताउनुभयो।

प्राकृतिक श्रोत, संसदिय समिति प्रकाश ज्वालाले भूमिका समस्या के र राज्यको दायित्व के ? बिषयमा केन्द्रित भएकोले भूमि सम्बन्धी समस्याको समाधान टुक्रे ढंगले (अंशबाट) हैन समग्र ढंगले गरिनु पर्दछ भन्दै सामन्ती भू-स्वामित्वको अन्त्य र राज्यको पुनसंरचना तथा लोकतान्त्रिक भूमि वितरणबाट मात्र भूमिको समस्या समाधान गर्न सकिने बताउनुभयो। भूमिको न्यायिक वितरण यही अन्तरिम कालमा नै गरिनु पर्नेमा जोड दिनुभयो। वहाँले सबै एक ठाउँमा भएका बेलामा नै यो समस्या समाधान गरिनु पर्ने, अन्तरिम संविधानमा नै भूमिको विषय उल्लेख गरी तत्काल यसको समाधान गरिनु आवश्यक छ र तत्काल प्रतिनिधि सभाले नै घोषणा गरी सरकारलाई कार्यान्वयनको लागि निर्देशित दिनुपर्ने बताउनुभयो।

अनुपस्थित जमिन्दारहरुबाट जमिन लिई यसको पुनवितरण गरिनुपर्ने तर यो राजनीतिक मुद्दा भएकाले ८ पार्टीको राजनीतिक प्रतिवद्धता चाहिने बताउनुभयो। अन्यायपूर्ण भूमि वितरणका कारण गरीब नागरिकहरु दास बनाइएकाले अब उनीहरुलाई नागरिक बनाउन संविधान सभा भन्दा पहिले नै तत्काल समाधान गरिनु पर्नेमा जोड दिनुभयो।

किसान नेता केशव बडालले बसोबास भईरहेको जग्गाको अधिकार बस्ने, गरिखाने वर्गलाई दिनुपर्ने, यो समस्या भोली समाधान गर्ने भनेर नराखी तत्काल समाधान गर्नुपर्ने र परिवारको परिभाषा ५ बराबर १ भनेर जानुपर्ने बताउनुभयो।

निश्कर्षमा भूमि वितरण र व्यवस्थापनका समस्यामा लामो समयदेखि बहस गरिएको र समस्याको मुल जरो सामन्तीवादी भूमि वितरण र व्यवस्थापन नै हो भन्ने बुझाई रहेको छ। समस्या समाधानका लागि क्रान्तिकारी, जनमुखी वा प्रगतीशिल भूमिसुधार आवश्यक छ भन्नेमा सबैको सहमती रहेको छ। यसमा भूमिमाथिका सामन्ती सम्बन्धको अन्त्य र लोकतान्त्रिक अर्थतन्त्र निर्माण, जोत्नेलाई जमिन र न्यायपूर्ण वितरण, कृषिको आधुनिकीकरण र औद्योगीकिकरण, बजार प्रवर्धन र किसानको जीवनस्तरमा सुधार र वातावरणीय पक्षको बचावट जस्ता कुरा पर्दछन्। प्रगतीशिल भूमि सुधारमा सबै सहमत भएतापनि दलहरुको वर्गीय चरित्र, शक्ति सम्बन्धका आधारमा फरक पाइन्छ। त्यसैले दलभित्र

*राज्यको चरित्र नबदल्ने र पूर्ण लोकतान्त्रिकीकरण नगर्ने हो भने सरकार बनेर मात्र केही हुन सक्दैन। राज्यको न्यायपूर्ण पुनर्गठनका लागि किसानहरूको संगठन र सशक्त आन्दोलन आवश्यक छ। भूमि वितरण र व्यवस्थापनको अधिकार विकेन्द्रीकरण गरी स्थानिय निकायहरूको सहभागितामा समस्या समाधान खोजिनु पर्दछ। भूमि व्यवस्थापन शान्ती बहाली र राजनीतिक अग्रगमनको मुख्य एजेण्डा हो। अतः सबै शान्ती प्रक्रियाहरूमा भूमिको विषय हुनुपर्दछ।*

रहेका अस्पष्टता, अन्योल, दिशाविहिनता र विविधतालाई बहसमा ल्याइ भूमि वितरणको राष्ट्रिय अवधारणा तयार गरी कार्यान्वयन गरिनु पर्दछ।

राज्यको चरित्र नबदलने र पूर्ण लोकतान्त्रिकीकरण नगर्ने हो भने सरकार बनेर मात्र केही हुन सक्दैन। राज्यको न्यायपूर्ण पुनगठनका लागि किसानहरुको संगठन र सशक्त आन्दोलन आवश्यक छ। भूमि वितरण र व्यवस्थापनको अधिकार विकेन्द्रीकरण गरी स्थानिय निकायहरुको सहभागितामा समस्या समाधान खोजिनु पर्दछ। भूमि व्यवस्थापन शान्ती बहाली र राजनीतिक अग्रगमनको मुख्य एजेण्डा हो। अतः सबै शान्ती प्रक्रियाहरुमा भूमिको विषय हुनुपर्दछ। नागरिकता र भूमि वितरण र व्यवस्थापनको सम्बन्धलाई अलग गरेर हेर्नु हुदैन। जमिनको पुनवितरणले जमिनलाई टुक्राउदैन बरु सहजीकरण गर्न सहयोग पुऱ्याउँछ। किसानहरुलाई जमिन दिएर मात्र हुदैन राज्य संरचनाभित्र गरीब किसानहरुको पूर्ण हक समेत स्थापित गर्नु समेत पर्दछ। भूमि वितरण र व्यवस्थापनको कुरा गर्दा जमिन्दारबाट भूमि लिने त हो नै मुलुकको सिमाभित्रको जमिनको सुरक्षा पनि हो र त्यसबारे समेत राज्य पुर्णत गम्भीर र जिम्मेवार हुनुपर्दछ। भूमि वितरण र व्यवस्थापनको क्रान्तिकारी कामलाई संविधान सभा पछि भनेर थाती राखिनु हुदैन यो अहिलेबाटै शुरु गरी खेतमा कामगर्ने गरीब किसानहरुलाई दासबाट नागरिक बनाई संविधान सभामा सहभागी गराउनुपर्द छ र अधिकारलाई संबैधानिक ग्यारेन्टी गरिनु पर्दछ। तत्काल प्रतिनिधिसभाबाट भूमिमा विद्यमान सामन्ती शोषणको अन्त्यको घोषणा गरी त्यसको शुरुवात गरिनु पर्दछ। भूमिको क्रान्तिकारी सुधार राजनितिक मुद्दा हो। यो मन्त्रीलाई भनेर हुदैन। राजनितिक प्रतिवद्धता र राज्यको चरित्रमा भर पर्दछ। राज्यको लोकतान्त्रिकरणसंग जोडिने महत्वपूर्ण मुद्दा भूमि वितरण पनि हो।

लामो समयदेखि उठेको भूमि वितरणको कुरा अहिलेसम्म कार्यान्वयन हुन नसकेको मुद्दा हो। नयाँ नेपाल बनाउन क्रान्तिकारी भूमि सुधार आवश्यक छ। ८ दलको स्पष्ट मार्गचित्र चाहियो। यसलाई २ भागमा समाधान गर्न बिलम्ब गर्नु हुन्न। जसमा तत्काल गर्नुपर्ने काम, संबैधानिक प्रत्याभुति सहितको दिर्घकालिन र क्रान्तिकारी काम पर्दछन्। भूमि सुधार भन्ने कुरा राजनैतिक सुधार संग सम्बन्धित छ। भूमिमा क्रान्तिकारी रुपान्तरण राजनीतिक रुपमा अड्किएको छ? यो बर्गिय मुद्दा हो, बर्गिय पक्षधरता, बर्गिय प्रतिवद्धता, वर्गिय र लोकतान्त्रिक राजनितिक दृष्टिकोणबाट समाधान खोजिनु पर्दछ। कार्यक्रममा जमिन माथि महिलाको अधिकार र एमाले दिएको क्रान्तिकारी भूमि सुधारका सुझावहरु बहस गरिएको थिएन। ■

# भूमिको अधिकार दिलाउन जोड

**अन्नपूर्ण समाचारदाता**

काठमाडौं, ११ साउन - सभामुख सुभासचन्द्र नेम्वाङले भूमिहीनलाई भूमिको अधिकार दिलाउन विशेष ध्यान दिनुपर्ने बताउनुभएको छ ।

प्राकृतिक श्रोत राष्ट्रिय पैरवी मञ्चले राजधानीमा विहीबार आयोजना गरेको "भूमिको ज्वलन्त समस्या र राज्यको दायित्व" विषयक गोष्ठीमा नेम्वाङले भूमिहीन र सुकुम्बासीको पहिचान गरी भूमि उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो । उहाँले भूमिहीनलाई भूमिको अधिकार दिलाउन सकेमात्र मुक्त कमैया तथा सुकुम्बासीको समस्या समाधान हुने बताउनुभयो ।

भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभुनारायण चौधरीले भूमिको सुधार देशको जटिल समस्या भएको बताउनुभयो । उहाँले दलहरुको साझा धारणा बनाएर भूमिमा सबैको अधिकार स्थापित गरिने जानकारी दिनुभयो । उहाँले भूमि समस्या समाधानका लागि सरकारले सम्बन्धित निकायहरुसँग छलफल चलाइरहेको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता, केशब बडालले भूमिहीनका समसया समाधान भएपछि मात्रै हदबन्दीलगायतका अन्य विषयमा छलफल गर्नुपर्ने सुझाव दिनुभयो ।

नेपाल सद्भावना पार्टी (आनन्ददेवी) का नेता अनीलकुमार झाले सम्पत्तिका बारेमा पनि छलफल गरिनुपर्ने बताउनुभयो । उहाँले तराईको जग्गाको विषयमा मात्र नबोली सबै क्षेत्रको भूमिको अवस्थाको बारेमा विचारविमर्श गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो । नेकपा (माओवादी) निकट अखिल नेपाल किसान संघका अध्यक्ष शिवराज गौतमले भूमिहीनलाई भूमि उपलब्ध गराउने विषय अत्यन्तै महत्वपूर्ण भएको बताउनुभयो । उहाँले दश विघाभन्दा बढी जग्गा हुने जमिन्दारले किसानसँग साझेदारी गर्न तयार हुनुपर्ने पनि बताउनुभाये । उहाँले दस विघाभन्दा माथिको जग्गा आफुहरुले फिर्ता नदिने बताउनुभयो । उहाँले भन्नुभयो, "दसविघाभन्दा कम जग्गा हुनेहरुको पनि तीन भाग लगाएर दुई भाग किसानले तथा एक भाग जग्गाधनीले उपभोग गर्न पाउनुपर्छ ।"

# चेपाङ जाति भूमि अधिकारको खोजीमा

**सीता अधिकारी राजधानी समाचारदाता**

धादिङ ९ साउन- आफ्नो नाममा जग्गा नभएकाले चेपाङ जाति आन्दोलित भएका छन् । उनीहरुले भूमिमाथिको अधिकार खोज्दै वर्षौंदेखि संघर्ष गर्दै आइरहेका छन् ।

पञ्चायती सरकारहरुले मात्र होइन २०४६ सालपछि बनेका प्रजातान्त्रिक र हालै बनेको लोकतान्त्रिक सरकारले समेत चेपाङको भूमिमाथिको अधिकारलाई सुरक्षित गर्न राखेको देखिदैन । चेपाङले आफुहरुलाई भूमिमाथिको अधिकार दिलाउन चेपाङकै सहभागितामा छुट्टै भूमि आयोग गठन हुनुपर्ने माग राखेका छन् ।

स्नाकोत्तर गर्ने पहिलो चेपाङ तिलक चेपाङ भूमि आयोगको गठनबिना चेपाङहरुले भूमिमाथिको अधिकार लिन नसक्ने बताउँछन् । २०५८ सालको जनगणना अनुसार ३ सय ३७ जना चेपाङ जातिको जनसंख्या रहेको छ । धादिङमा मात्र १२ हजारभन्दा बढी चेपाङको जनसंख्या रहेको छ । नेपालमा मकवानपुर, चितवन, गोर्खा र धादिङ जिल्लामा चेपाङ जातिको बसोबास रहेको छ ।

अधिकांश चेपाङहरु खोरिया फाँडेर खेती गर्ने र अर्काको जग्गा कमाएर जिविकोपार्जन गर्ने गर्दछन् । सरकारले धादिङमा चेपाङहरुको लागि केही जग्गा खरिद गरेको देखिन्छ । उक्त जग्गा खरिदपछि चेपाङहरु ओडारबाट बस्तीमा त आए । तर उनीहरु जग्गाको मालिक भने बन्न सकेनन् ।

सरकारले खरिद गरेका ती जग्गा अहिलेसम्म पनि जिल्ला विकास समिति धादिङकै नाममा रहेका छन् । यसरी खरिद गरिएका धुषा गाविसमा ५७ रोपनी, महादेव स्थानमा १ सय २५ रोपानी, गजुरीमा १७ रोपनी जग्गा रहेका छन् ।

चेपाङ संघका जिल्ला अध्यक्ष मदनबहादुर चेपाङ चेपाङको नाममा खरिद गरिएको जग्गा चेपाङकै नाममा बनाइ सरकारले लालपुर्जा दिनुपर्ने बताउँछन् । चेपाङ नेता टेकबहादुर चेपाङ चेपाङकै नाममा रहेका जग्गा बिक्री वितरण गर्दा स्थानिय प्रशासनको सिफारिश लिनुपर्ने प्रक्रिया अब ज्यादै असुहाउँदो देखिएकाले त्यसलाई बदर गर्नुपर्ने धारणा राख्दछन् । यस सम्बन्धमा प्रजिअ रामशरण चिमोरियासँग जिज्ञासा राख्दा सिफारिस लिन आएका चेपाङलाई तत्कालै सिफारिस दिने गरेको र सिफारिस लिनैपर्ने कानुनी प्रावधान भने नरहेको बताउँछन् ।

# मोहीहरू आन्दोलित - कृष्ण थापा, कान्तिपुर समाचारदाता

धुन्चे, रसुवा ३१ असार - काठमाडौं स्वयम्भू गुठीका नाममा वर्षौंदेखि जग्गा कमाउँदै आएका हाकु गाविसका मोहीहरु भूमि आन्दोलनमा उत्रिएका छन् ।

सदरमुकामदेखि पश्चिम भेगका किसान मोही भूमिअधिकारका लागि आन्दोलित भएका हुन् । मोहीहरुले वडा वडामा भूमिअधिकार मञ्च गठन गरेका छन् । उनीहरुले दुइसय ३० वर्ष अघिदेखि गुठी जग्गा कमाई गरी जीवनयापन गर्दैआएका छन् । जग्गा हाकु गाविसका २ देखि ७ नम्बरसम्म स्वयम्भू गुठीको नाममा रहेको छ ।

त्यतिबेला स्वयम्भू गुठी चलाउनका लागि तिब्बतीयन व्यापारीले हाकुको ती जग्गा किनिदिएका थिए । गुठी जग्गा काठमाडौं स्वयम्भूनाथको स्वयम्भू घ्याङ गुठीको नाममा दर्ता छ । आफ्नो नाममा एक टुक्रा घडेरी पनि नभएपछि अधिकारका लागि लड्ने हाकुका माइला तामाङले बताए ।

"हाम्रो नाममा केही छैन भूमि छोडेर कहाँ जाने हाकुका डिठ्ठा तामाङले भने अरुको नाममा आफ्नो जग्गा रहेको सुन्दा आफुलाई आँसु आउँछ ।" अरुहरु जग्गा धितो राखी युरोप-अमेरिका पुगेका छन् । आफ्नो त बस्ने बासै छैन । हाम्रा बाबुबाजे पनि हड्डी घोटेर जग्गा कमाई यहीं मरेर गए, हामी पनि यस्तै हुने भइयो, डिठ्ठाले दुखेसो पोखे । गुठियारहरुसँग तिरो तिरेको अस्थायी निस्सा केही छैन ।

"मुखियाले आफ्नो नाममा नगरे पनि खान पाइहाल्छ भने बाबुबाजेलाई त्यतिबेला अहिले बस्ने ठाउँ छैन," डिठ्ठाले भने । मालपोत कार्यालयको रेकर्डअनुसार कित्ता नम्बर २४५ मा स्वयम्भू घ्याङ गुठी काठमाडौंको नाममा १२ सय ९२ रोपनी ८ आना १ दाम जग्गा रहेको छ ।

# विपन्नहरू उठिसकेपछि पार लाग्छ

खुट्टा पीपराडी महोत्तरीको दक्षिण पुर्वी गाविस हो। सदरमुकाम जलेश्वर जान हिडेर ३-४ घण्टा लाग्छ। गाविसमा १६४७ घर छन्। जनसंख्या ९३१६ छ। २०५८ को घरधुरी सर्वेक्षणमा भूमिहीनको घरधुरी संख्या ३४ प्रतिशत उल्लेख छ। यादवको बाहुल्यता रहेको यस गाविसमा सामाजिक - राजनीतिक रुपमा उनीहरु कै बोलावाला छ। जातीगत एकता तथा भावना पनि उनीहरुमा बढी छ। मुसहर, मण्डल तथा मुसलवान अल्पमतमा पर्छन।

सबैतिर जस्तै यस गाउँमा पनि भूमिको वितरण असमान छ। गाउँका राम खिलान शाहसँग १ सय ५० बिगाहा र ललित सिङसँग ३ सय बिगाहा जग्गा भएको कुरा गाउँलेहरु बताउंछन। भूमिहीनहरु उनीहरुकै बटैया गर्दछन्। जग्गावालको खेतमा लागेको मोहियानी डर तथा प्रलोभनमा पारी आधा जग्गा नदिई मोही छुटाई दिए।

भूमिहीनहरु कृषिमा ज्याला मजदुरी गर्छन। ज्याला दिनको ४० रुपैया छ। मजदुरीका लागि भारततर्फ जानेहरुको संख्या पनि ज्यादा छ। बढीजसो खेतीको बेलामा पंजाव जान्छन्। हरुवाचरुवा बस्नेहरु पनि छन्। डोली बोक्ने, माटो काट्ने, जनकपुरमा मजदुरीका लागि जाने यहाँका मानिसहरुको जीविकाका अन्य उपाय हुन्। गाउंहरु गाउं ब्लकमा राखिएका छन, सदियौ देखि बसेका मानिसहरुको नाममा जग्गाको अधिकार छैन। गाविसमा ४५ बिगाहा गुठीको जग्गा छ। यो जग्गा पनि हुनेहरुले नै ठेक्कामा लिई अरुहरुलाई जोताई नाफा खाई रहेका थिए।

मुसहर समुदायका ५५ घरको बस्ने आफ्नो ठाउं छैन। उनीहरु कहिले पोखरीको डील त कहिले बाटोको छेउमा झुप्रा बनाउदै आएका थिए। यो संख्या वडा न ६ र ७ को मात्र हो। २०६१ सालको होलीको दिनमा १२ घर मुसहरको घरमा आगो लगाईयो। गाउँका यादव समुदायले घर जलाएका थिए। होलीको दिन मुसहर समुदायमा आाई जबरजस्ती होली खेल्ने र महिलाहरुलाई जिस्क्याएको निहुँमा आपसी बिवाद हुँदा उनीहरुले आगो लगाएका थिए। उनीहरुले मुसहरलाई कुटपीट समेत गरे। यो कुरालाई लिएर पीडितहरुले मुद्दा हाले पनि जिल्ला अदालतले हराईदियो। पुनराबेदन अदालतबाट भने पीडितहरुले मुद्दा जीते। आगोलागीमा संलग्न २ जना जेलमा छन र बाँकी १० जना फरार छन्।

घर आगोलागीमा परेपछि उनीहरु समस्यामा परे। गाउँमा भूमि अधीकार सम्बन्धी संगठन बनिसकेको थियो। गाउँकै मुलाजीम शाहले भूमि अधिकारको संगठन बनाउन मद्दत गरेका थिए। उनीहरुले छलफलमा गुठीको जग्गा आफुहरुले ठेक्कामा लिने निर्णय गरे। यसअघि यही आगो लगाउने समुहले नै गुठीको जमिन ठेक्कामा लिने काम गर्दथ्यो। उनीहरु प्रति बिगाहा १५ मनको दरले जग्गा ठेक्कामा लिन्थे। ठेक्का पाईसकेपछी अन्य किसानलाई नै जमिन बाँडिदिन्थे र उनीहरुसँग २० मन धान उठाउँथे। तर उनीहरुले ९ बर्षसम्को कुत पनि तिरेका छैनन्।

संगठनका केही अगुवा सदस्यहरुले गुठी संस्थान तथा जीविसमा आफ्नो कुरा राखे। गुठी संस्थानले दिने ठेक्का आफुहरुलाई दिनुपर्ने जिकीर गरे। यसपटक यादवहरुले आफुले ठेक्का पाउनका लागि प्रयोग गरेको सबै जुक्ति काम लाग्दो भएन। पीडित पक्षका ५ जनाले ठेक्का पाए र २१६ घरधुरीलाई २ कठ्ठाका दरले जमिन बाँडे। यसमध्ये मुसहर समुदायका ८० घरधुरीले जग्गा पाएका छन। ३० कठ्ठा जमिन मुसहरहरुका लागि घर बनाउनका लागि छुट्याए। यो जग्गा धेरै उब्जाउशील छ। ५ जनाका परिवारलाई २ कठ्ठा जग्गाले करिव ५ महिना खान पुग्छ।

यो काम सजिलोसँग भने भएन। आगोलागीको घटनामा आफुले हारेपछि यादव समुदायले बदला लिन कोशिस गरिरहे। पीडित पक्षका अगुवालाई चोरीको मुद्दा लगाए। यसका लागि उनीहरु केही दिन थुनिए र १० औं पटकसम्म जिल्ला धाए। एक यादवले फसाउनका लागि आफ्नै घरमा समेत आगो लगाएको र मुद्दा दिएको भन्ने आरोप कार्यकर्ता मुलाजीमको छ। अहिले मुसहर टोल एक भएको छ। उनीहरु झण्डै चार सयको संख्यामा जिल्ला प्रशासन कार्यालयमा ५ पटक गईसकेका छन। अगुवा मुलाजीम भन्छन्, हाम्रो बल नै यही एकता हो। अन्याय पर्‍यो की सबै मान्छे प्रशासन समक्ष जाने। केही यादबहरुले भने बिपन्नहरुको पनि साथ दिएका छन। मुलाजीमको भनाई छ अहिले यादवहरु बिद्रोही पक्षको साथ खोजीरहेका छन र सहयोग पाई पनि रहेका छन्। उनीहरु जितिसकेको मुद्दा पनि फिर्ता लिनुपर्छ भन्दैछन। ठेक्काको कुत नबुझाउ भनी उनीहरुलाई अप्ठेरोमा पार्ने काम गर्दैछन। कुत नबुझाए पुन: पहिले देखि ठेक्का लिईरहेका यादवहरुले ठेक्का लिने र त्यसपछी प्रसाशनको आडमा मुसहरको बस्ती तथा भूमिहीनहरुलाई त्यहाँबाट हटाउने दाउ हुनसक्छ।


यो प्रकृयामा उनीहरलाई केही मद्दत पनि मिलेको छ। भूमि अधिकार मंचका राष्ट्रिय तथा जिल्ला संगठनहरुको सक्रियताले पीडितहरुलाई आँट दिएको छ।

### अबको बाटो

बिपन्नहरुले पाएको बास तथा जग्गा लाई गुम्न नदिनु अबको मुल काम हो। यस काममा स्थानिय राजनीतिक पार्टीहरुको सहयोग चाहिन्छ। टाठाबाठा तथा मालिकहरुको बर्चश्वमा रहेको राजनीतिक पार्टीहरुले कुन पक्षलाई समर्थन गर्लान यसै भन्न सकिन्न। तर उनीहरुलाई यस सवालमा आफ्नो धारणा राख्न तथा आफ्नो पक्ष रोज्नुपर्ने बातावरणको सृजना गर्नुपर्ने कुरा जरुरी भएको छ। बिपन्नहरुको आफ्नो संस्था बनाई सरकारलाई कुत तिर्नुको सट्टा त्यही संस्थामार्फत गाउँको बिकासमा खर्चिने समुदायको सोच पनि जायज छ। यस चैत्रमा कुत नतिर्दा प्रशासन तथा ठेक्का लिनेवालाले गर्ने संभावित दमनलाई न्यून गर्नु छ। अहिले २५ बिगाहा गुठीको जग्गा जोतीरहेका २१६ घरधुरी मध्ये केही आफ्नो जग्गा हुनेहरु पनि देखिन्छन उनीहरुको सन्दर्भमा पनि केही मापदण्ड बनाउनु पर्ने देखिन्छ।

अब त्यस क्षेत्रमा भूमिसँग सम्बन्धित अन्य सवाल रेलवेको जग्गा गरीवले जोत्ने, ज्याला बृद्धि, मोहियानी हक कायमका लागि कुत भरपाइ, गाउँब्लक जग्गा नापी आदि सवालहरुमा पनि संगठन क्रियाशिल हुनु जरुरी छ। यस प्रयासलाई अन्य समुदायमा फैलाउन पनि त्यत्तिकै आवश्यक छ। ■


## प्रकाशनहरू





### अधिकारका लागि आन्दोलन

भूमिअधिकारको आन्दोलनलाई सुदृढ र सबल तुल्याउन अभियानकर्मीहरुको महत्वपुर्ण भूमिका रहने भएकोले अभियानकर्मीहरुको क्षमता तथा नेतृत्व विकासमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सचेत र रचनात्मक अभ्यासमा जोड दिईरहेको छ । यसै मेलोमा लामो समयदेखि भारतमा जल, जंगल र जमिनको अधिकारका लागि अहिंसात्मक आन्दोलनका नेता राजागोपाल पीभीको सहजीकरणमा सम्पन्न २ दिने प्रशिक्षणमा आधारित भई अधिकारका लागि आन्दोलन पुस्तिका प्रकाशन गरिएको छ । यसमा प्राकृतिक स्रोत आन्दोलन, जनसंगठनको महत्व, अभियानकर्ताको बिचार र व्यवहार, समुदायमा काम गर्ने तरिका आदि समेटिएका छन् ।

### भूमिमा महिला अधिकार





महिलाको भूमिमाथिको स्वामित्व, पहुँच र त्यसबाट उत्पादनको उपभोगको अधिकार निश्चित गर्ने आवश्यकतालाई पूर्णता दिने प्रयासस्वरुप देशभरीका महिला किसानको सहभागितामा २०६२, असोज ३ र ४ गते काठमाडौंमा आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी नाराका साथ सम्पन्न, भूमिमा महिलाको अधिकार विषयक राष्ट्रिय सम्मेलनमा उठाईएका समस्या, अडान, प्रस्तुत कार्यपत्र र व्यक्त बिचारलाई समेटी भूमिमा महिला अधिकार विषयक पुस्तक प्रकाशन गरिएको छ ।





### भूमि सम्बन्धी घोषणा पत्रहरूको संगालो

भूमि अधिकार आन्दोलनलाई सशक्त, सुदृढ र परिणाममुखी बनाउन नेपालका विभिन्न जिल्ला र राष्ट्रिय तहमा सवालगत रुपमा भूमिअधिकारबाट बन्चितहरुको सम्मेलनहरु भएका छन् । विगत ३ वर्षको अवधीमा हलिया, कमैया, कमलरी, हरुवा-चरुवा, हली, उखडा पीडित, पूर्वका तराई दलित, मुसहर, आरक्ष पीडित, भूमिहीन, मोही, गाउँब्लकबासी, गुठी जग्गाका जोताहा किसान, चुरेवासी लगायतका हजारौं भूमि अधिकारबाट बञ्चितहरुले आफ्नो पीडा, कुण्ठा, अन्याय, अपमान, शोषणलाई बाहिर ल्याउनुको साथै आफुहरुले पाउनुपर्ने अधिकारको दावी गरिरहेका छन् । सम्मेलनहरुको अन्त्यमा छलफल र निर्णयलाई संगठित गरी जारी गरिएका घोषणापत्रहरुलाई समेटेर संगालो प्रकाशन गरिएको छ ।

### विकल्प अध्ययन प्रतिवेदन




सर्लाही र महोत्तरी जिल्लाको चुरे क्षेत्रमा गरिएको सहभागितामूलक कार्यमूलक-अनुसन्धानको नतिजालाई समेटेर प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनले चुरे क्षेत्रमा विद्यमान भूमि स्वामित्व, जिविकाको सुरक्षा र चुरेको संरक्षणको वास्तविकतालाई अनावरण गर्ने प्रयत्न गरेको छ । साथै यसले एक वर्ष भित्र गरिएका, दुई जिल्लाका पचासवटा समुदायहरुका अनुभव र उपलब्धीहरुको आदानप्रदान गर्ने, कार्यमूलक-अनुसन्धानबाट आएका केही निश्चित मुद्दाहरुको गुणात्मक पक्षहरुमा केन्द्रित रही अंकभन्दा भाषामा तथ्यहरुको विश्लेषण गर्ने प्रयास गरेको छ । यस अध्ययनले समुदायदेखि अनुसन्धानकर्मीहरुसम्म प्रत्येक तहमा कार्य-आलोचनात्मक समीक्षा र कार्यको प्रकृयालाई संस्थागत गर्ने प्रयत्न गरेको छ ।




### वार्षिक सिकाइ प्रतिवेदन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २०५० सालदेखि नै समाज रुपान्तरणको सवालमा भूमि अधिकारबाट बञ्चित, अभियानकर्ता र परिवर्तनमुखी स्रोतसंस्थाहरुसँग मिलेर विभिन्न अभियानहरुमा सहयोग पुऱ्याइरहेको छ । भूमि अधिकार अभियानलाई राष्ट्रिय रुपमा लैजान विभिन्न सहयात्री संस्थाहरु, व्यक्तिहरु, अभियानकर्मीहरु, सहयोगी संस्थाहरु एवं सरोकारवाला संस्था एवं व्यक्तिहरुको सहयोग महत्वपूर्ण रहेको छ । सन २००५ मा सम्पन्न भूमि अधिकार अभियानका सिकाई, क्रियाकलाप एवं उपलब्धीहरुलाई समेटेर वार्षिक सिकाई प्रतिवेदन प्रकाशन गरिएको छ ।

हाम्रो ठेगाना: सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
काठमाडौं, पोष्ट बक्स नं : १९७९०, फोन ४३६०४८६
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

NL
36-